कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ४ अंक ९ (संयुक्तांक १६३) ने. सं. ११३४ यंलागा आमाई बुधवाः २०७१ असोज ८ गते बुधवार (Sep-24, 2014) पृष्ठ १२ मूल्य रु.५/-

## पहिचानको आधारमा संघीयता सहितको नयाँ संविधानका लागि

# 'सभासद् परित्याग समेत गर्न तयार'

**कीर्तिपुर सन्देश साप्ताहिक**

पहिचान सहितको संघीयताका पक्षधर राजनीतिक दलहरुले सदनदेखि सडकसम्मको संघर्ष गर्ने रणनीति बनाउदै तिब्र रुपमा बहस सुरु गरेको अवस्था छ।

संविधानसभामा कुनै पनि हालतमा बहुमतिय प्रक्रियामा जान नदिने र जान खोजे भौतिक रुपमा पनि प्रतिवाद गर्ने र त्यस्तो अवस्थामा मार्शल लगाए सोहि समयदेखि नै सभासद् पद समेत परित्याग गर्ने योजना एकीकृत माओवादीदेखि विभिन्न पहिचान पक्षधर राजनीतिक दलहरुले बनाएको छ। सो समयसम्ममा सडकमा समेत आन्दोलन जारी राख्ने र संविधानसभा परित्याग गरि सडकको आन्दोलनलाई नेतृत्व गर्ने रणनीति बनाएको दलका नेताहरुले बताएका छन्।

पहिलो संविधानसभामा प्रक्रियामा गएर भए पनि संविधान निर्माण गरौं भन्दाखेरि अस्वीकार गरेका कांग्रेस र एमालेले अव प्रक्रियामा गई पहिचान विनाको संविधान निर्माण गर्ने षडयन्त्र गरिरहेको संघीय समाजवादी पार्टी नेपालका एक नेताले बताउनु भएको छ। त्यसैगरि संघीय लिम्वुवान पार्टीका एक नेताले कीर्तिपुर सन्देश साप्ताहिक संग कुरा गर्दै अवको अवस्था संविधान सभा र सडक दुबै ठाउँमा संघर्ष गर्नुपर्ने भएकाले संविधानसभामा भएका दलहरुले संविधानसभाभित्रै र बाहिर रहेका दलहरुले सडकमा नै संघर्ष गर्ने बताउनु भएको छ। अव हुने आन्दोलन निर्णायक हुने समेत उहाँले बताउनु भएको छ।

## पद्मरत्न तुलाधरको चाहाना के हो ?



जातीय, भाषिक, सांस्कृतिक समानताका लागि एकीकृत आन्दोलन गर्नुपर्ने र निर्णायक अवस्थामा पुऱ्याउनुपर्ने बताउँदै आएको थाह भएको छ।

पहिचान सहितको संघीयताका लागि जनस्तरवाट आन्दोलन गर्न आदिवासी जनजाति, मधेसी, मुस्लिम लगायतका उत्पीडित समुदायले नेतृत्वका लागि पद्मरत्न तुलाधरलाई आग्रह गर्दै आएको छ।

उहाँले औपचारिक रुपमा आफू नेतृत्व गर्न तयार रहेको भनी घोषणा गरिसकेको अवस्था छैन। उहाँ निकट सूत्रले कीर्तिपुर सन्देश साप्ताहिकलाई दिएको जानकारी अनुसार अवको आन्दोलन पूरा नभएसम्म निरन्तर रुपमा जारी राख्ने र विचमा नछोड्ने प्रतिबद्धता सरोकारवालाहरुले दिएमा आफू नेतृत्व गर्न तयार रहेको बताउँदै आएको छ। आफ्नो स्वास्थ्यले साथ नदिएतापनि

## तिहारपछि आन्दोल नै आन्दोलन

मुलुकमा अव दशैं तिहार पछि लगातार रुपमा आन्दोलन गर्ने तयारीमा उत्पीडित समुदाय लागेको अवस्था छ। नेपालका आदिवासी जनजातिहरुको साझा संगठन नेपाल आदिवासी जनजाति महासंघका नेताहरुले अव पहिचान सहितको संघीयताका लागि दशैं तिहार पछि निरन्तर रुपमा आन्दोलन गर्ने तयारी भइरको बताउनु भएको छ।

अवको आन्दोलन विगतको भन्दा फरक किसिमवाट हुने बताउदै मूल रुपमा राजनीतिक दल र संविधानसभालाई दबाव दिने उद्देश्य लिई निरन्तर रुपमा आन्दोलन गर्ने बताइएको छ। यसै वीच नेवाः समुदायको साझा मोर्चा नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिले पनि नेवाः स्वायत्त प्रदेशको माग गर्दै आन्दोलन गर्ने तयारी गरेको छ।

तिहारसम्म टोल टोलदेखि गाउँ गाउँसम्मको नेवाः प्रदेश जागरण अभियान सम्पन्न गरि त्यसपछि आन्दोलन गर्ने तयारी गरेको थाहा भएको छ। त्यसै गरि संविधानसभाको दोस्रो निर्वाचन बहिस्कार गरेको बैद्य माओवादी सहित ३३ दलीय मोर्चाले पनि तिहार पछि आन्दोलनको तयारी गरेको छ।

व्यवस्थापिका संसदको प्रमुख प्रतिपक्ष दल एकीकृत माओवादी, संघीय समाजवादी पार्टी र पाँच मधेसवादी दलहरुको साझा मोर्चा संघीय गणतान्त्रिक मोर्चाले पनि तिहार पछि पहिचान सहितको संघीयताका लागि सडक आन्दोलन गर्ने तयारी गरिरहेको अवस्था छ। उता स-साना ७ राजनीतिक दलहरुको पहिचानमा आधारित संघीय गठबन्धनले पनि तिहार पछि आन्दोलनको तयारी गरेको थाहा भएको छ।

नेपालको लागि आधिकारीकविक्रेता

Mobiland Electronic Pvt. Ltd



Iphone 4S (16 GB) : - Rs.43, 000/-
Iphone 4S (32 GB) : - Rs.48, 000/-
Iphone 5 (16 GB) : - Rs.60, 000/-
Iphone 5 (32 GB) : - Rs.65, 000/-
Iphone 5S (16 GB) : - Rs.75, 000/-
Iphone 5S (32 GB) : - Rs.80, 000/-
Iphone 6 (16/ 32 GB): - Coming Soon



- 0% ब्याज दरमा किस्तावन्दीमा आईफोन 4S (iPhone 4S)
- पहिलो किस्ता रु. १०,०००/- तिर्नुहोस, iPhone लिएर जानुहोस्
- साथै अन्य सम्पूर्ण Home Appliances पनि किस्तावन्दीमा उपलब्ध छ।
- Financing Partner दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

मोविल्याण्ड ईलेक्ट्रोनिक प्रा. लि.
कीर्तिपुर- १७, बाहिरी गार्ऊ (नेपाल) टेलिकमसँगै)
शाखा कार्यालयः महाराजगंज, नारायणगोपाल चोक
फोन नं. ४३३४२३५, ९८५११२५६७०

शिक्षक सेवा तयारी कक्षाहरु
विहान ६ र साँझ ५ बजेदेखि

प्रशिक्षकहरु
शिक्षा मन्त्रालय, शिक्षा विभाग अन्तर्गतका विज्ञ, अनुभवी तथा पुस्तक लेखकहरुवाट

शिक्षकसेवा

प्रा.वि, नि.मा.वि र मा.वि.

हामां विशेषताहरुः

शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, विभिन्न तालिम केन्द्र तथा विश्वविद्यालयहरुमा कार्यरत अनुभवि प्रशिक्षक, सल्लाहकार, विषयविज्ञ तथा पुस्तक लेखकहरुद्वारा कक्षा सञ्चालन।
प्रर्याप्त शिक्षण सिकाई सामग्रीहरु र श्रव्य/दृष्य कक्षाहरुको व्यवस्था।
सम्बन्धित विज्ञहरुद्वारा प्रत्येक हप्ता परीक्षा लिइने तथा लेखनसीप विकासको लागि विशेष कक्षाहरुको व्यवस्था।
परीक्षा सम्बन्धी निःशुल्क विशेष परामर्शको व्यवस्था।
दैनिक रुपमा निःशुल्क नोटहरु दिइने र शैक्षिक सामान्यज्ञानको परिक्षा हुने।
हरेक परीक्षाहरु शिक्षक सेवा स्तरको model मा नै लिइने। थप bonus, revision र exam facing technique सम्बन्धी कक्षाहरुको व्यवस्था।
Valley Institute द्वारा लिइएको परीक्षाहरुमा लेखिएका कापीहरु उचित सुझाव सहित पुनः फिर्ता दिइने व्यवस्था।
Projector/ Power Point द्वारा कक्षा सञ्चालन।

गत वर्षको परीक्षामा सर्वाधिक विद्यार्थी पास गराउन सफल

Valley Institute

Kirtipur Ph: 01-4332509

एउटा संस्थाको सिकाइले कति फरक पर्दछ जिन्दगीमा
A wrong decision brings REGRET
A right decision brings REWARD

कानुनी सल्लाहकार
**ज्ञानबहादुर महर्जन**
प्रकाशक
**नजरराम महर्जन**
**(९८४१४०१०७७)**
सम्पादक
**श्रीकृष्ण महर्जन**
प्रवन्धक
**निरजमान सिंह**

व्यवस्थापन
**भरत महर्जन**
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः **शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं**
कार्यालयः **निखासी टोलः कीर्तिपुर नपा-३**
**फोन नं.: ४३३३००७**
**kirtipur_sandesh@live.com**
http://kirtipursandesh.blogspot.com

**काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८**

सम्पादकीय

## महिला अधिकारकालागि उदाहरण बनेकी सहाना प्रधान

**कम्युनिष्ट आन्दोलनकी अगुवा एवं महिला नेतृ सहाना प्रधानको सोमवार राति निधन भएको छ। बल्खुस्थित बयोधा अस्पतालमा उपचारको क्रममा उहाँको निधन भएको थियो ८७ बर्षकी सहाना प्रधान विगत तीन बर्षदेखि विरामी भएका कारण बोल्न समेत नसक्ने अवस्थामा थियो भने गत जेठ २३ गतेदेखि अचेत अवस्थामा हुनुहुन्थ्यो। नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठका श्रीमती सहाना प्रधान नेपालको कम्युनिष्ट आन्दोलनका नेतृ मात्र नभई मुलुकका लागि नै एक उदाहरणीय व्यक्तित्व हुनुहन्छ।**

**विशेष गरि महिला अधिकार र उत्पीडित जाती समुदायको हक अधिकारका लागि लगातार रुपमा क्रियाशिल उहाँ नेपालमा महिलालाई पनि शिक्षा दिनुपर्ने र मताधिकार दिनुपर्ने आवाज उठाउने पहिलो व्यक्तित्व हुनुहुन्छ। २०४६ सालको आन्दोलनमा बामपन्थिहरुको तर्फवाट नेतृत्व गरेका उहाँ २००४ सालदेखि नै निरन्तर रुपमा आन्दोलनमा लाग्नु भएको थियो। संविधानसभाको पहिलो निर्वाचन पछि संविधानमा महिलाहरुको अधिकार स्थापित हुनुपर्छ भनी आवाज उठाउदै पछिल्लो समयमा राजनीतिक दलका महिला संगठनहरुलाई एउटै मञ्चमा ल्याइ महिलाहरुको समान अधिकारका लागि संजाल समेत गठन गरि आन्दोलनमा उत्रनु भएका व्यक्तित्व हुन।**

**महिला अधिकारको लगि जीवनको अन्तिम समयसम्म पनि निरन्तर रुपमा क्रियाशिल व्यक्तित्व एवं नेपालको लोकतान्त्रिक आन्दोलनमा पनि नेतृत्वदायी भूमिका निर्वाह गर्नु भएका एमालेका नेतृ सहानाको निधनले अवश्य पनि महिला अधिकारको आन्दोलनमा क्षति पुगेको छ।**

## गजल शौरभ शाक्यया

गजल–२५
वयेधुन जि ला थ्यंकेगु गथे
थःगु म्हसिका ल्यंकेगु गथे।

सारा शहर मसांथें सुम्क
सःया बाखं ब्वंकेगु गथे।

प्याःचाः मनूत कथु साराक्क मगं
उमित मेलम्चीया लःत्वंकेगु गथे।

अन्याय नं क्वत्यल दनेमफु सुं हे
थना, न्यायया झण्डा ज्वंकेगु गथे।

मभिँया पंजाय् कायेवं न्याय्
कथुप्वाः चायेका सःप्वंकेगु गथे।

# धुसिटोलमा रहेको गणेश मन्दिरको बारे केही कुरा

**नजरराम महर्जन**
(अध्यक्ष धुसिटोल सुधार समिति)

कीर्तिपुर नगरपालिका वडा नं. ११ पाँगा धुसिटोलमा अवस्थित पाँगालीहरुले नित्य पूजा गरिने गणेशको नाम के होला ? कसैले हरि विनायक भन्ने गरिन्छ। तर उक्त मन्दिर भित्र रहेको शिलापत्रमा सिद्धि विनायक भनेर उल्लेख गरिएको छ। यो सिद्धि विनायक गणेश कसले स्थापना गरेको भन्ने बारे कुनै प्रमाण छैन।

नेपाल सम्वत ८१९ मा मन्दिरमा काठको तोरण राखिएको भन्ने शिलापत्रमा उल्लेख छ। तोरण भनेको मन्दिर बनाई सकिएपछि मन्दिरको ढोकामा राखिने गर्छ।

त्यस्तै नेपाल सम्वत ८७८ को अभिलेखमा धुसि गोशस्थानमा धर्मशाला बनाएको उल्लेख छ। त्यसपछिको अर्को शिलापत्रमा नेपाल सम्वत ९०३ मा गणेश मन्दिर बनाएको उल्लेख गरिएको छ। धर्मशाला राम्ररी बनाइयो। मन्दिर जिर्ण भएर धर्मशाला बनाएको २५ वर्षपछि मन्दिर जिर्णोद्धार गरिएको हुनसक्छ।

सिद्धि विनायकको मूर्ति र मन्दिर कहिले कसले स्थापना गरिएको थियो भन्ने कुनै प्रमाण भेट्टाएको छैन। यसको अर्थ यो मूर्ति पाँगा गाउँ स्थापना हुनु पूर्व नै अथवा स्थापना हुँदा नै भएको हुनुपर्छ। यदि त्यस्तो हो भने पाँगा गाउँको स्थापना बारे देवमाला वंशावली नेपाल सम्वत ६२९/६३० मा राजा र त्नमल्लको पालामा ३०० वटा घर भएको पाँगा वस्ती बनाएको भन्ने उल्लेख गरिएको छ। तर ने.सं. ४९१ को एउटा तमसुकमा रोलम्बा भोलम १८ अंक ३ मा पाँगा नाम उल्लेख गरिएको पाइन्छ। जसले गर्दा पाँगाको वस्ती नेपाल सम्वत ४९१ भन्दा अगाडि नै भइसकेको जनाउँछ। दुईटा मध्ये जुनसुकै प्रमाणलाई माने पनि पाँगाको इतिहास ५०० वर्षभन्दा पुरानो देखिन्छ।

पाँगालीहरुको साझा एउटै मात्र गणेश सिद्धि विनायक पाँगा वस्ती हुनुभन्दा अगाडि देखि नै रहेको पनि हुनसक्छ। सिद्धि विनायकको बारेमा अनुसन्धान गर्नु पर्ने कुराहरु धेरै छन्। कुनै पनि ठूला ठूला देवी देवताहरुको मन्दिरहरुको अगाडि दायाँ बायाँ सिंहको मूर्ति स्थापना गरि राखेको हुन्छ। तर यो सिद्धि विनायक मन्दिरको अगाडि दायाँ बायाँ सिंह स्थापना गरि राखेको छैन।(नोटः दुई वर्ष अगाडि मात्र अहिलेको मन्दिरको अगाडि दायाँ बायाँ सिंहको मुर्ति सार्न ल्याएको थियो।) यस मन्दिरको भित्र नै गणेशको मूर्तिको दायाँ बायाँ सिंह स्थापना गरि राखेको छ।

अर्को कुरा के छ भने यो गणेशको मूर्ति कसैले राम्ररी कोरेर आकार प्रकार आउने गरि कन बनाएर राखेको पनि होइन। अर्थात् कुनै कलाकारले कुँडेर राखेको पनि होइन।यो आफै जमिनबाट माथि आएको जस्तो देखिन्छ। यो गणेशको मूर्ति हातिको टाउकोको अगाडिको भाग जस्तो मात्र छ। नत्र कसैले कुँडिएर सजाएर राखेको जस्तो छैन। यो मूर्ति कालो पत्रे चट्टानबाट बनेको मूर्ति हो। यो मूर्तिको पछाडि ठडाएर राखिएको तोरण जस्तो कोरेर बनाएको पछिमात्र राखिएको हो भन्न सकिन्छ। जुन पत्थरलाई पनि पूजा गर्दागर्दै अहिले खिएर गइसकेको छ। सिंह पनि राम्ररी कुँडिएर बनाएको छ। त्यसैले यो गणेश आफै उत्पति भएको र पछि मात्र मन्दिर बनाएको अनुमान गर्न सकिन्छ।

पाँगाको हेखाली टोलका धौसाहुहरुको पुर्खाहरुले झिंगटे छानो राखेर राम्ररी बनाएको भन्ने गरिन्छ। उक्त मन्दिरमा पानी चुहिएर छानो बिग्रन गयो। त्यसपछि २०३६ सालतिर हेखालिका धौसाहु धनवहादुर र उहाँका दुईजना छोराहरु हाना र ज्ञान वहादुरले पैसा राखेर बनाएको थियो। त्यसबेला धुसिका रामचन्द्र महर्जनले श्रमदान गरि झिंगटे छाना झिकी सिमेन्टले ढलान गरि बनाएको थियो।

केही वर्षपछि उक्त मन्दिरको छाना पनि विग्रन थाल्यो। मन्दिर नै ढल्किन थाल्यो। मन्दिरको यो अवस्थाले धुसिटोल वासी चिन्तित भयो। पहिलेको जमानामा कुनै एकजना दाताले आफ्नो पुर्खाको नाममा मन्दिर बनाई दिन्थ्यो। तर अब त्यसरी व्यक्तिगत रुपमा मन्दिर बनाई दिने अवस्था रहेन। श्री सिद्धि विनायकको मन्दिर राम्ररी बनाउनु पऱ्यो भनेर धुसिटोल वासीको सल्लाह भयो। धुसिटोल वासीले सामुहिक रुपमा मन्दिर बनाउनु भन्दा अगाडि धौसाहु खलकसँग सोध्नु पऱ्यो भनेर सोध्न गयौं। उहाँहरुले हामीले मात्र पैसा राखेर बनाउन सक्दैनौं धुसिटोलवासीले बनाउने हो भने हामीले सकेको मद्दत गर्छु भन्नु भयो। त्यसपछि धुसिटोलबासीले एउटा समिति बनाएर जिर्णोद्धार गर्ने निर्णय भयो। जस अनुसार नजरराम महर्जनको अध्यक्षतामा धुसिटोल सुधार समिति निर्माण भयो। त्यसपछि नगरपालिकामा कुरा गर्न गयौं। जर्मन विकास सेवा डि.ई.डि.का प्रतिनिधि ओलिभियासँग कुरा गर्दा मन्दिरको निरिक्षणपछि पुरानै ढांचाबाट दाची ईट्टा, झिंगते छाना राखेर बनाउने हो भने सहयोग गर्छु भनेपछि मन्दिर बनाउनतिर लाग्यौं। नगर पालिकाले रु. २ ९७,०००/को लागत निकाल्यो। जसमा डि.ई.डीले १४३,५००/ दिने रु.५७,४००/- नगरपालिकाले दिने भयो। रु.८६,१००/- धुसिटोलले राख्नु पर्ने भयो।

यति रुपैयाँले त पहिलेजस्तो ७ फुट उचाई, ३ बाई ५ ईन्चको खम्बा राखेर साधारण किसिमले बनाउने पर्ने भयो। काठ किन्न यज्ञराम, सिताराम, ओमराज, टिकाराम, प्रेमलाल, द्वारिकाभाइ दाइहरुलाई लिएर गएँ। उहाँहरु सानो खम्बा राखेर मन्दिर बनाउन तयार हुनु भएन। उहाँहरुले एक जुगमा एकचोटि मन्दिर बनाउने हो राम्रैसित बनाउने सिकर्मि काम निशुल्क गर्ने चाहिने सकेको आर्थिक सहयोग पनि गने बचन दिनुभयो। दाचि ईट्टाले गारो जोड्ने डकर्मिको ज्याला मात्र दिए पुग्ने भयो। भतिजा रमेश महर्जनले बुट्टा कुँडेर राम्ररी बनाउने एक लाख रुपैयाँ सहयोग गर्ने बचन दिनु भयो। यसरी चारैतिरबाट सहयोगको आश्वासन पाएपछि मन्दिर भव्यरुपले बनाउने भनेर बुट्टा कुँड्नको लागि बुँगको बाबुराजा शाक्यसँग मायाराम दाइले सम्पर्क गराईदिनुभयो। मन्दिरको खम्बा, तुँडाल ढोका सबै ठाउँमा बुट्टा कुँड्नको लागि २ लाख ज्याला मागेको थियो। तर पछि नरहरि दाइ, भतिजाहरु हरिभक्त र हरि महर्जनले १ लाख ७५ हजारमा कुरा छिनी दियो।

मन्दिर भत्काउने काम सुरु भयो। सर्वप्रथम लूनिभाः मिसा पुचःले प्रचारात्मक ढंगले पाँगामा चन्दा संकलन गर्न गयो। त्यसपछि द्वारिकाभाइ दाइ, केदार र म चन्दा माग्न टोलटोलमा पुग्यौं। एक ठाउँमा हामीलाई मन्दिर बनाउने नाममा चन्दा उठाएर खान खोजेको भन्ने किसिमको कुरा सुनायो। यो सुनेर द्वारिकाभाइ दाइले चित्त दुखाउनु भयो।

"नजरराम अब म चन्दा उठाउन आउँदिन। अहिलेसम्म को पैसाले जति भ्याउँछ त्यति मात्रले पुग्ने गरिकन बनाउने।"

मलाई साह्रै पीर भयो। मन्दिर निर्माण समितिको अध्यक्ष भएर नगरपालिकामा सम्झौता मा हस्ताक्षर गरेर आइसकें। मन्दिर बनाउन सकेन भने मेरो बेइज्जत हुने भयो भनेर साह्रै पीर लिएर त्यो रात मलाई निद्रै लागेन। आधारातमा निद्रामा भनूं कि अनिद्रामा भनूं मलाई सिद्धि विनायक गणेशले साक्षात दर्शन दिनुभयो। सेतो हात्तीको बच्चाको मुख भएको गणेशले "तिमी हरेश नखाउ, तिमी आँट म पुऱ्याई दिन्छु। लाज नमान, तिमीले मागेर हेर, सबैले दिन्छ।" भन्नुभयो।

म भौतिकवादमा विश्वास गर्ने मान्छे। यस्तो अलौकिक कुरामा विश्वास गर्दिन थिएँ। तर मरता क्या नहिं करता भने जस्तै यो कुरा कसैलाई भनिन। मैले यसो चन्दा दिने खालका महानुभावहरुको घरघरमा पत्र पठाएँ। चन्दादातहरुको नाम पत्रिकामा छाप्न लगाएँ। साँच्चिकै त्यतिबेलादेखि त पैसाको ओइरो लाग्यो। मलाई चिन्नेहरुले घरमै बोलाएर चन्दा दिनुभयो। मलाई नचिन्नेहरुले धुसि भजनमा आएर चन्दा दिनुभयो। मन्दिरमा काम गर्नेहरु लाई खाजा खुवाउन पालो पर्खेर भए पनि खाजा खुवाउन आयो।

बुंगको बाबुराजालाई रु. २५ हजार ज्याला दिनु पर्ने। उहाँलाई साँझ ४ बजे बोलाएको थिएँ। तर हातमा एक रुपैयाँ थिएन। द्वारिकाभाइ दाइ र म निरास भएर गणेश मन्दिर अगाडि बसिरहेको बेला याकःछेँबाट मथुरामको श्रीमती नक्कली महर्जनले मन्दिरभित्र पसेर देउता ढोगेर हामीलाई मन्दिर भित्र बोलाउनु भयो। पोल्टाबाट रु.२५ हजारको बित्ता थमाउनु भयो। उहाँसँगै आउनु भएका याकःछेँकै मयःराम महर्जनको श्रीमतीले पनि रु.११११/ सहयोग गर्नु भयो। यसरी हामीले माग्दै नमाग्दा पनि मन्दिरसम्म आएर चन्दा दिउँसो चन्दा दिन आउनु भएको त सिद्धि विनायक गणेशले नै पठाउनु भएको महसुस गरें।

पछि त हरेक मिसा पुचःबाट पनि सक्दो सहयोग आउने क्रम जरी भयो।

त्यसपछि विदेशमा काम गर्न गएका धुसिटोलका छोराहरुलाई पनि खबर पठाएँ। दुबइबाट भतिचा रबिले चन्दा उठाएर सबैको नामावलीसहित पठाई दियो। यसरी आएको चन्दालाई सदुपयोग गर्न पनि सिद्धि विनायकले मलाई सपनामा भनूं या विपनामा धेरै खर्च गरेर भोज भतेर नगर्नु अरुले सहयोग दिएको रकमको सदुपयोग गर्नु भन्नु भए अनुसार नै समापन कार्यक्रममा समयबजि मात्र खुवाएर एक लाख रुपैया बचाएर अक्षय कोषमा राखिएका छौं। *क्रमशः*

# CG ब्राण्डको आधिकारिक विक्रेता

# मोबाइल निकुञ्ज प्रा. लि. को

# निर्णय तपाईंको हातमा

**हरेक इलेक्ट्रोनिक्स सामान तथा मोबाइलको खरिदमा एउटा मोबाईल सितैमा**

**स्क्र्याच कुपन र अन्य आकर्षक उपहारहरू**



## किन्दा = किस्ता योजना





NOKIA Connecting People · COLORS Mobile Phones · Micromax nothing like anything · LAVA · Karbonn Mobiles · spice · SAMSUNG · Panasonic · rage

**हरेक ब्राण्डका मोबाइल तथा इलेक्ट्रोनिक्स सामानहरू खरिद तथा विक्रीका लागि हामीलाई सम्झनुहोस् ।**

**हाम्रो निशुल्क सेवाहरू :**

- Normal Stiker फेर्ने
- Free Home Delivery

*शर्तहरू लागू हुनेछ ।

**सम्पर्क स्थान : मोबाईल निकुञ्ज प्रा. लि.**
**कीर्तिपुर १७, नगाउँ दोवाटो**
**फोन नं. ४३३३२५७**
**वित्तिय साझेदारः**
**निर्मल बुद्धभूमि वचत तथा ऋण सहकारी संस्था लि.**

# संजय सिंह स्मृति वास्केटवल शुरु



नविन महर्जन

संजय सिंह स्मृति प्रतिष्ठानद्वारा 'संजय सिंह स्मृति कप २०७१' प्रथम उपत्यका व्यापी खुल्ला पुरुष वास्केटवल प्रतियोगिता असोज ४ गते शनिवारदेखि कीर्तिपुर सामुदायिक वास्केटवल कोर्ट कीर्तिपुरमा शुरु भएको छ। उक्त खेलको जानकारी दिन गत असोज ३ गते शुक्रवार पत्रकार सम्मेलन गरिएको थियो। उक्त पत्रकार सम्मेलनमा प्रतिष्ठानका अध्यक्ष गुजय सिंह, उपाध्यक्ष मिन विष्ट र महासचिव एवं संयोजक शसिर महर्जनले प्रयोगिताको सम्बन्धमा जानकारी दिइएको थियो । प्रतियोगितामा जानकारी गराइए अनुसार यस प्रतियोगितामा कुल ५ टिमले सहभागिता जनाइएको छ। जमा गोल्डेन गेट, पेन्टागन कलेज, जी.टाउन क्लब, नयाँबजार क्लब, कीर्तिपुर र व्हाइट हाउस कलेज रहेका छन् । राउण्ड रोविनको आधारमा खेलाइने यस प्रतियोगितामा उत्कृष्ट हुने दुई टिम बीच फाईनल खेल खेलाइने संयोजक शसिर महर्जने जानकारी गराउनु भएको थियो। असोज ४ गतेदेखि असोज ८




गतेसम्म हरेक दिन विहान ७ बजे र ९ बजे गरी २ खेल हुनेछ । असोज ११ गते शनिवार फाइनल खेल हुनेछ ।

गत ४ गते उद्घाटन खेलमा गोल्डेन गेट कलेजले नयाँबजार क्लबलाई ११४-३९ अंकले पराजित गरेको थियो। दोस्रो खेलमा पेन्टागन कलेजले जी टाउन क्लबलाई ७४-५३ अंकले पराजित गरेको थियो। असोज ५ गते आईतवार भएको खेलमा गोल्डेन गेटले पेन्टागनलाई ८९-८२, व्हाइट हाउसले नयाँबजार क्लबलाई ७८-५० ले पराजित गरेका थिए । त्यस्तै असोज ६ गते सोमवार भएको खेलमा व्हाइट हाउसले जी टाउनलाई ८४-६४ ले पराजित गरेको थियो। त्यस्तै मंगलवार भएको पहिलो खेलमा गोल्डेन गेटले जी टाउनलाई १३०-४८ ले पराजित गरेका थिए। त्यस्तै अर्को खेल पेन्टागन र ह्वाइटहाउ वीच भएको खेलमा पेन्टागनले ९७–८५ अंकले ह्वाइटहाउलाई पराजित गरेको छ। बास्केटवल खेलको उद्गम स्थलमा सञ्चालन भैरहेको यस प्रतियोगिताले वास्केटवल खेल विकासको साथ साथै खेलाडीहरु बीच मित्रता, भाइचारा र सम्बन्ध विस्तारमा टेवा पुग्नेछ।

# १७ औं एसियाली खेलकुद प्रारम्भ

गत असोज ३ गते शुक्रवार देखि दक्षिण कोरियाको इन्चोनमा १७औं संस्करणको एसियाली खेलकुद एक भव्य समारोहका बीच द.कोरियाका राष्ट्रपति पार्क ग्युन हिले औपचारिक उद्घाटन गरेका थिए । एशियाका ४५ राष्ट्रका १४ हजार भन्दा बढी खेलाडिहरुले यस प्रतियोगितामा सहभगितामा सहभागिता जनाइरहेका छन् ।

कूल ४३९ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुने यस एशियाली खेकुदमा नेपाले कुल २५ खेलम २०६ खेलाडि र १०२ अफिसियल सम्मिलित रहेका छन् ।

आयोजक राष्ट्र दक्षिण कोरियाले सर्वाधिक कीर्तिमान रच्दै ३६ खेलमा ८३१ खेलाडीहरु सम्मिलित गराइरहेका छन् । यो एशियाली खेल लगायत सन् १९८६ मा सोल र सन् २००२ मा बुसान एशियाली खेलकुद सफलतापूर्व आयोजना गर्न सफल यस राष्ट्रले उद्घाटन कार्यक्रममा इन्चोनलाई सम्पूर्ण एशिया र विश्वमा चिनाउन सफल भई परापूर्वकालको एशिया, समुद्रको मध्यभागबाट भाइचारा बढाउने, मित्र र परिवारजनका रुपमा विकसित हुँदै गरेको एसिया र वर्तमान र भविष्यलाई जोड्ने सशक्त एसिया झल्काउने विविध सामाग्री प्रस्तुत गर्दै एकताको सन्देश दिन सफल भएको छ ।

करीव ४ घण्टा सम्म चलेको यस उद्घाटन कार्यक्रममा एशिया विविधता उदाउँछ भन्ने मूल नारा दर्शाउन सफल भएको थियो । विगतमा जस्तै चीनले यस दक्षिण कोरियाको इन्चोनम हुने १७ औं एसियाली खेलमा आफ्नो उत्कृष्ट प्रदर्शन गर्नेमा शंका छैन तर आयोजक राष्ट्र, जापान तथा अन्य राष्ट्रले पनि आफ्नो उत्कृष्ट प्रदर्शन गर्न अवश्य मेहेनत गरिने छ ।

नेपालको प्रदर्शनको कुरा गर्ने हो भने खेलकुदमा रहेको विवादको कारण सन्तोषजनक तयारी भएको देखिन्न तर पनि अवश्य कुनै पदक जिति खाली हात नहुनेमा विश्वास गर्न सकिन्छ ।

नेपालले मार्शल आर्ट एवं अन्य इन्डिभिजल खेलमा अवश्य जीत दर्ज गर्ने सम्भावना छन् तर टिम गेममा नेपालले पदक पाउने सम्भावना छैन ।

नेपालले क्रिकेट खेलमा सुधार गरी राम्रो प्रदर्शन गरे अलि बढी सम्भावना भएको खेल हो । नेपाली महिला क्रिकेट टिमले सोमवार मलेसियालाई ४६ रनले पराजित गरी क्वार्टर फाइनलमा पुगेको छ । आशा गरौं नेपाली खेलाडिहरु जसरी सहभागिता जनाइयो त्यसरी नै सकुशल स्वदेश फर्के नेपालको ईज्जत रहन्छ। अरु कुनै पदक जिती ल्याएमा त्यसको प्रतिष्ठा र शान बढ्ने छ ।


२०७१ सालको शुभ विजया दशमी तथा शुभदिपावलीको पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति सुस्वास्थ्य दिर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड**
परिवार



बचत नै श्री पञ्चमीको प्रतिवद्धता
मोहनी नखः, स्वन्ती नखः व न्हूदँ ने.सं.११३५ या भिन्तुना

## ब्वना-पौ

**श्री पञ्चमी मानन्धर गुथि किपू-६, कुतिसा यैंया प्यक्वगु दःमूज्या व श्री पञ्चमी बचत तथा ऋण सहकारी संस्था लिमिटेडया निक्वगु दँमूज्या क्वय् बिया कथं न्हिलाः, ईलय्, थाय् छिसकर पिन्त बिज्यायूत इनाप याना च्वना ।**

**ज्याभ्वः**

**तिथिः ने.सं.११३४ ञलाध्व तृतिया शनिवार**
**२०७१ साल आश्विन ११ गते शनिवार**
**ई. सुथसिया ७:०० ताईलय्**
**थाय् : भक्तपुर चुनदेवी देगःवनेगु लँय्**

**सिद्धि कुमार मानन्धर**
**नायो**
**श्री पञ्चमी मानन्धर गुथि**
**किपू ६, कुटिसा यैं**
**९८५११६१७७२**

**राजेन्द्र मानन्धर**
**नायो**
**श्री पञ्चमी बचत तथा ऋण सहकारी संस्था लि.**
**किपू ६, कुटिसा, यैं**
**९८५१०४८४२८**

नोटः सुथसिया ६:३० ईलय् किपू-५ वडा कार्यालय गाडी छुटे जुई गाडी छुटे जूसा गुथि जिम्मेवार मदु नापं दुजःया प्रतिनिधि मान्यता बिईमखु ।


## सामुदायिक विपद् व्यवस्थापन समिति
## कीर्तिपुर नगरपालिका -१६, नगाउँ
## कोटेशन पेश गर्ने बरेको सूचना

कीर्तिपुर नगरपालिका वडा नं.१६ नगाउँमा आगलागीबाट हुने क्षेती न्युनिकरण गर्ने कार्य तथा भुकम्पिय जोखिम न्युनिकरण गर्न निम्न उल्लेखित सामग्रीहरु आवश्यक रहेकोले सप्लाई गर्न इच्छुक रजिस्टर फर्महरुबाट २०७१/०६/१५ गतेभित्र कोटेशन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। कोटेशन पूर्ण वा छुट्टाछुट्टै सामग्रीहरुको अलग अलग पनि पेश गर्न सक्नु हुनेछ। प्राप्त कोटेशन स्वीकृत गर्ने नगर्ने वा आम्शिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस समितिमा रहने छन। अन्य जानकारीको लागि यस समितिको सूचना पाटीमा हेर्न सक्ने छ।

**१) पानी तान्ने पम्प**
**२) पाईप**
**३) रोलर**
**४) विद्युतिय सामग्री**
**५) क्लिप**
**६) क्लाम्प**
७) Fire Extinguiser
**८) बक्सा**
९) Clampin

श्रीकृष्ण महर्जन
संयोजक

# दर्शन बचतको चौथो साधारण सभा सम्पन्न



"सहकारीले रोजगारको अवसर प्रदान गरी देशमा बेरोजगारको समस्यालाई केही हद मात्रामा कमी ल्याएको छ । दर्शन बचतले कीर्तिपुरका १६ जनालाई रोजगारी दिनु भनेको साह्रै काम हो ।" प्रमुख अतिथि अर्थ मन्त्रालयका पूर्व आर्थिक सल्लाहकार अर्थविद केशब राज आचार्यले दशन बचत तथा ऋण सहकारी सहकारी संस्थाको चौंथो साधारण सभाको उद्घाटन मन्तव्यमा व्यक्त गर्नु भएको हो ।

आजकल कतिपय सहकारीहरु खोल्ने कि बन्द गर्ने स्थितिमा रहेका छन् भने कतिपय सहकारीहरु बचतकर्ताको रकम लिएर कुलेलम ठोकेका पनि छन् । त्यसैले आजकल सहकारीप्रति जनमानसको पहिलोजस्तो राम्रो धारणा रहेको छैन । यस्तो अन्यौलताको बीचमा पनि कीर्तिपुरको कान्छो सहकारी २०६७ साल श्रावण ७ गते डिभिजन कार्यालय काठमाडौंमादर्ता भई संचालनमा आएको दर्शन बचत तथा ऋण सहकारी संस्थाको कीर्तिपुरको कृष्ण क्याटरिंग हलमा चौंथो साधारण सभा सम्पन्न गरेको छ ।

प्रमुख अतिथि अर्थविद केशव राज सत्यालले पानसमा दिप प्रज्ज्वलन गरी दर्शन बचत तथा ऋण सहकारी संस्थाको चौथो वार्षिक साधारण सभाको उद्घाटन गर्नु भएको थियो । सहकारीका अध्यक्ष दिनेश दर्शनधारीको सभापतित्वमा भएको उक्त कार्यक्रममा सहप्रबन्धक पुजन तुलाधरले स्वागत मन्तव्य दिनु भएको थियो ।

सहकारीका अध्यक्ष दिनेश दर्शनधारीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । प्रतिवेदनमा उल्लेख भए अनुसार गत वर्ष सदस्य संख्या ७५८ जना रहेकोमा यस आ.व.मा ११९२ जना पुगेको । त्यस्तै शेयर पूँजीमा आ.व. ०६९/७०मा रु. २६,५५,८००/ रहेकोमा आ.व.०७०/७१मा रु. ६८, ८७, ६४५/ हुन आएको । त्यस्तै बचत संकलन तर्फ विभिन्न शिर्षकमा गरी रु. ६,५५,१५,५८६/ रहेको जानकारी दिइएको छ । ऋण लगानी तर्फ रु. ६, २३,७५,४००/ लगानी भएको छ । आ.व.०६९/७०मा १७३ जना शेयर सदस्य रहेकोमा अहिले २२६ जना शेयर सदस्य पुगेको जनाइएको छ । यस वर्ष शेयर पूँजी बृद्धि गरी रु. २ करोड पुऱ्याउने र निक्षेपतर्फ रु. २० करोड पुऱ्याउने लक्ष्य लिइएको छ । त्यस्तै विभिन्न योजना पनि घोषणा गरिएका छन् । जसमा मृत्तक राहत कोष : संस्थाका सदस्यको मृत्यु भएमा रु.१० हजार हकवालालाई दिइने, सदस्यको परिवारका सदस्यको मृत्यु भएमा रु.५ हजार राहत वापत दिने । सदस्य उपचार कोषबाट एक वर्ष भित्रमा रु.१० हजार वा अस्पतालको वीलको २५% रकम मध्ये जुन कम हुन्छ सोही रकम प्रदान गरिने । कोषाध्यक्ष सुश्री कुसुम प्रधानले आयव्ययको प्रतिवेदन प्रस्तुत गर्नु भयो । जस अनुसार पहिलो वर्ष रु.७,०४,१००/ शेयर संकलन गरी संचालन भएको सहकारीले अहिले रु. ६८,७७,६४४/ पुऱ्याउन सफल भएको जानकारी दिनुभयो । त्यस्तै साधारण बचत तर्फ रु. १५४,७२,२०२/ आवधिक बचत अन्तर्गत रु.४,३०,५६,५९१/ बाल बचत रु.११,२७,६७४/ र नियमित बचत तर्फ रु.५८,५९,०२८/ गर्न सक्षम भएको छ । संकलित निक्षेपलाई विभिन्न शिर्षक अन्तर्गत कर्जाको रुपमा रु.६,२३,७५,४००/ लगानी भएको जनाइएको छ । आ.व.०७०/७१ मा संस्थाले कूल आम्दानी रु.९९,७५,७९८/ गर्न सफल भएको जनाइएको छ । उक्त सभामा सबैभन्दा बढी बचत जम्मा गर्ने बचतकर्ताहरुलाई खादा ओढाएर सम्मानपत्र र उपहारद्वारा सम्मान गरिएको थियो । जसमा टिका लक्ष्मी महर्जन र माईला खड्गी हुनुहुन्थ्यो । त्यस्तै महेनती कर्मचारीमा रेशमा खड्गीलाई रु. १० हजार नगद प्रदान गरी सम्मान गरिएको थियो । त्यस्तै ईमेज अवार्डमा पप गायन तर्फ पुरुषमा सर्वोत्कृष्ट पुरस्कार विजेता कीर्तिपुरका विश्व नेपालीलाई पनि सम्मान गरिएको थियो । उक्त अवसरमा गायक विश्व नेपालीले आफ्नो प्रस्तुतिबाट सबैलाई मन्त्रमुग्ध पार्नु भएको थियो । प्रमुख अतिथि, अतिथिहरु र सम्मानित व्यक्तिहरुलाई अध्यक्ष दिनेश दर्शनधारीले मायाको चिन्ह प्रदान गर्नु भएको थियो । कार्यक्रम यशोदा राईले संचालन गर्नु भएको थियो ।

# जनजाति पत्रकार महासंघमा कीर्तिपुरका महर्जन मनोनित



कीर्तिपुरका युवा पत्रकार एवं कीर्तिपुर सन्देश साप्ताहिकका सम्पादक श्रीकृष्ण महर्जनलाई नेपालका आदिवासी जनजाति पत्रकारहरुको साझा संगठन नेपाल आदिवासी जनजाति पत्रकार महासंघको केन्द्रीय सदस्यमा मनोनित गरेको छ ।

आदिवासी जनजातिहरुको मुद्दालाई संचार माध्यमवाट उठाउने र आदिवासी जनजाति पत्रकारहरुको साझा संगठन फोनिजले पत्रकार महर्जनको क्रियाशिलता र जनजातिहरुको मुद्दालाई निरन्त रुपमा उठाउदै आएका कारण नेवाः समुदायको प्रतिनिधिको रुपमा मनोनित गरेको हो ।

साउन ६ गते दोल्खामा बसेको आदिवासी जनजाति पत्रकार महासंघ (फोनीज) को केन्द्रीय बैठकले महर्जनलाई मनोनित गरको कुरा आदिवासी जनजाति पत्रकार महासंघका सचिव मनोज घर्तीमगरल जानकारी दिनु भएको हो । पत्रकार श्रीकृष्ण महर्जन नेवाः पत्रकारहरुको राष्ट्रिय संगठन नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष समेत हुनुहुन्छ । नेपालमण्डल टेलिभिजनका समचार प्रमुख हुनुका साथ साथै मेट्रो एफ एमका पनि उहाँ पत्रकार हुनुहुन्छ ।

नेपालभाषाका साथ साथै नेपाली भाषाको पत्रकारीता क्षेत्रमा प्रिन्ट मिडिया, अडियो मिडिया र टेलिभिजन मिडियामा समेत निरन्तर रुपमा क्रियाशिल हुदै आएका महर्जनले नेपालभाषाको सक्रिय पत्रकारहरुलाई दिइने एल्भीस सिरपाः (एल्भीस पुरस्कार) प्राप्त गरिसक्नु भएको छ ।




**शुभकामना ! शुभकामना !!**

विजया दशमी तथा शुभ दिपावली–२०७१ को उपलक्ष्यमा समस्त शुभचिन्तक, शेयर सदस्य तथा ग्राहक महानुभावहरुलाई हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

साथै आस्था वचत तथा ऋण सहकारी संस्थाद्वारा संचालित आस्था स्टोर चौथो वर्ष पूरा भई पाँचौं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा विविध उपहार कार्यक्रम संचालन गरिएको छ । रु.१००० बराबरको सामान खरिदमा एउटा कुपन प्राप्त गर्नुहोला । उपहार कार्यक्रममा सहभागी हुनुहोस् ।

**आस्था बचत तथा ऋण सहकारी संस्था लि.**

नयाँबजार, कीर्तिपुर -१७, फोन ४३३६३९४

तथा

**आस्था स्टोर**

नयाँबजार, पाँगा दोबाटो, कीर्तिपुर–१७

फोन ४३३६०३७

# हिलटाउनमा बालदिवस सम्पन्न

नेपालमा प्रत्येक वर्ष भाद्र २९ गते बालदिवस मनाइन्छ । हिलटाउन इन्टरनेशनल उच्च मा.वि., कीर्तिपुरले पनि भाद्र २९ गते विभिन्न कार्यक्रम गरी बालदिवस मनाउँदै आएको छ । यस वर्षको बालदिवसका दिन त्यस विद्यालयको वार्षिक क्यालेण्डर अनुसार महिनाको अन्तिम आइतबार बिदा परेकोले यही भाद्र २९ गते, शुक्रबारका दिन विशेष मनोरञ्जनात्मक कार्यक्रम आयोजना गरी मनाइयो ।

कक्षा ८ का दुई छात्रा विचिना गोपाली र पलिस्था महर्जनले संचालन गरेको उक्त कार्यक्रममा कक्षा नर्सरीदेखि कक्षा १० सम्मका विद्यार्थीहरूले सहभागिता जनाएका थिए । कार्यक्रममा गीत, नृत्य, प्रहसन, कविता, निबन्ध लगायतका विधामा विद्यार्थीहरूले आ-आफ्ना प्रतिभा प्रस्तुत गरेका थिए । कार्यक्रममा विद्यार्थीहरूका लागि कक्षागत रुपमा विभिन्न रमाइलो खेलहरूको प्रतियोगिता संचालन भएको थियो । ती खेलहरूमा विजयी विद्यार्थीहरूलाई विभिन्न पुरस्कार वितरण गरिएको थियो । विद्यालयका सह प्रिन्सिपल सन्देश महर्जनले बालदिवसको उपलक्ष्यमा बधाई दिँदै सुरु गरि एको उक्त कार्यक्रममा विद्यालयका स्कूल क्याप्टेन लहना महर्जनले सभापतित्वको आसन ग्रहन गरेका थिए ।

## आशाया नेपालले रक्तदान र मैनबत्ती र्‍याली





समाजमा विद्यमान कुरीति, कुसंस्कारबाट युवाहरुलाई बचाई, युवाहरुमा सामाजिक उत्तरदायित्व बढाउन र समाजमा सक्षम नागरिक बनाउने उद्देश्यले कीर्तिपुरमा स्थापित आशाया नेपालले गत असोज ४ गते कीर्तिपुरको नगाउँ दोबाटोमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । दिउँसो पानी परेर मौसम अनुकुल नभएतापनि ५२ जनाले रक्तदान गरेका थिए । जसमा ७ जना महिला र ४५ जना पुरष रहेका छन् ।

त्स्तै गत असोज ५ गते २१ सेप्टेम्बर विश्व शान्ति दिवसको उपलक्ष्यमा आशाया नेपाल कीर्तिपुरले पनि कीर्तिपुरमा साँझ ६ बजे नगाउँ दोबाटोमा भेला भइ देशमा शान्तिको कामना गर्दै मैनबती निकालिएको थियो । सभासद राजन के.सी.ले उद्घाटन गर्नु भएको थियो । उक्त मैनबती र्‍याली कीर्तिपुर, पाँगा र नगाउँ घुमि नगाउँ दोबाटोमा पुगी समाप्त भएको थियो ।

## नागरिक दिवसया लसताय् हना ज्याभ्वः याइगु

अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसया लसताय् देय्न्यंकं थीथी कथंया ज्याभ्वः दँय् दसं याना वयाच्वंगु दु । थ्व हे भ्वलय् किपुलिइ नं अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसया लसताय् लाकाः थीथी कथंया ज्याभ्वः याइगु जुगु दु । थ्व हे भ्वलय् किपू नगर पालिका वडा नं. ९, १०, ११, १२ इलाकाय् १६० म्हसिबें अप्वः बृद्धपिन्त सम्मान व भोजन ज्याभ्वः याइगु जूगु दु । पाँगाया बालकुमारी महिला समूह 'क'पाखे पाँगाया लाछिइ वइगु असोज १५ गते बुधवाः सुथय् ७ बजे उगु ज्याभ्वः यायेत्यंगु खः । उगु ज्याभ्वलय सहभागी जुइत सकलसित ग्वसाः खलकं इनाप याःगु दु ।

## प्राथमिक शिक्षा कार्यक्रम (PEP) को छैठौं वार्षिक कार्यक्रम




कीर्तिपुर क्षेत्रको सामुदायिक विद्यालयमा प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई पोशाक, ब्याग र जुत्ता सहयोग गर्दै आएको प्राथमिक शिक्षा कार्यक्रमले गत साउन ४ गते शनिवार आफ्नो छैठौं वार्षिक कार्यक्रम सम्पन्न गरेको छ । जर्मनका Wilfried Gerfen संरक्षक एवं दाता रहेको उक्त संस्थाको वार्षिक कार्यक्रमको सभापतित्व अध्यक्ष माधवलाल महर्जनले गर्नु भएको थियो ।

जनसेवा उच्च मा.वि.को सभाहलमा सम्पन्न भएको उक्त कार्यक्रममा कीर्तिपुर क्षेत्रका १३ वटा सामुदायिक विद्यालयका ७५ जना विद्यार्थीहरु आफ्ना अभिभावकहरु सहित उपस्थित रहेका थिए । आ-आफ्ना विद्यालयका विद्यार्थीहरुलाई विद्यालयकै प्रधानाध्यापकहरुद्वारा सामान वितरण गराइएको थियो ।

संरक्षकले पठाएको शुभकामना सन्देश अध्यक्ष माधवलाल महर्जनले नेपाली भाषामा अनुवाद गरी पढेर सुनाउनु भएको थियो । अभिभावक विद्यार्थीहरुले संयुक्त रुपमा ब्यानर बोकेर दाता प्रति कृतज्ञता ज्ञापन गर्नु भएको थियो ।

# बिचाः हायेका

जन्म २००३



मृत्यु २०७१ भाद्र २८

**मदुम्ह बसन्तमाया महर्जन**

सहलह तिबः धुकुया छयाञ्जे भाजु गोविन्द महर्जनया मां **बसन्तमाया महर्जन** थ्वहे ने.सं. ११३४ ञंलागा पञ्चमी (२०७१ भाद्र २८ गते) ६९ दँया बैंसय् आकाभ्काकं मदुगुलिं वय्कःया सुखावति भुवनय् बास लाय्मा धइगु मनतुसें सकल दुजःपिन्सं भगवानयाके प्रार्थना यानाच्वना ।

**सहलह तिबः धुकुया सकल दुजःपिं**

इटाछेँ टोल, किपू

# हार्दिक समवेदना

जन्म १९९०/०१/१५



निधन २०७१/०५/३०

**स्व. दुर्गालक्ष्मी श्रेष्ठ**

गोरखनाथ मा.वि. व्यवस्थापन समितिका सल्लाहकार श्री जनार्दन श्रेष्ठका पुज्यनीय माता **दुर्गालक्ष्मी श्रेष्ठ**को २०७१ भाद्र ३० गते सोमबारका दिन ८२ वर्षको उमेरमा असामयिक निधन भएकोमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवार जनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**गोरखनाथ माध्यमिक विद्यालय**

ढोकासी टोल, कीर्तिपुर-१७

# हृदय रोग, योग र आयुर्वेद



**सोनेलाल साह**
B.A.M.S.Final phase
आयुर्वेद क्याम्पस, कीर्तिपुर

आधुनिक चिकित्सा विज्ञान धेरै अगाडि बढिसकेको छ । शल्यक्रियाका ठूलाठूला उपकरणहरुको विकास भएको छ। मानव शरीरका महत्वपूर्ण अङ्ग प्रत्यारोपण गर्न सक्ने भइसकेको छ । आर्टिफिसियल अङ्गप्रत्यङ्ग जडान गर्न सक्ने भइसकेको छ । तर स्वास्थ्य विज्ञान र चिकित्सा विज्ञानले विकल्पको खोजी गरि रहेको छ । हाइटेक्नोलोजीको विकासको समयमा यो विकल्पको आवश्यकता किन भयो त अलिकति चिन्तन गरौं । किनभने भौतिक उन्नतिले सम्पन्नता त दिन्छ, तर, शान्ति दिन सक्दैन । जीवन त दिन्छ नर स्वस्थता दिन सक्दैन । नरम ओछ्यान त दिन सक्छ तर मस्त निद्रा दिन सक्दैन । अर्को कुरा मुटुरोगको उपचार अति महँगो छ, सर्वसुलभ पनि छैन । त्यही कारणले आज चिकित्सा क्षेत्र विकल्पको खोजीमा लागेको छ र विकल्प प्राप्त पनि भइसकेको छ। त्यसको विकल्प हो योग र आयुर्वेद। पूर्वीय दर्शन योग । हामीले होइन पश्चिमी जगतले पत्ता लगाएको हो । हामीले प्राप्त गरेको भए त यसको मान्यता नै हुँदैनथ्यो । डा. एम.सी. मनचन्दा भारतको प्रसिद्ध मुटुरोग विशेषज्ञले भन्दा अमेरिकी डा. डिन आर्निसकै उदाहरण लिएर भन्नु पर्छ नत्र Recognise हुँदैन । हाम्रो त कुरै छाडौं। अब योग के हो र योग कसरी मुटुरोग उपचार, शल्यक्रियाको विकल्प भयो भनेर अमेरिकी मुटुरोग विशेषज्ञ डा. डिन अर्निसकै आधारमा भन्छु -डा. डिन अर्निस अमेरिकी मुटुरोग विशेषज्ञ हुन्। उहाँ सन १९७७ तिर मेडिकल पढ्नु हुन्थ्यो । Enternship को समयमा उहाँ Open Heart Surgery को Assistant Doctor को रुपमा काम गर्नुहुन्थ्यो । त्यसबेला उहाँलाई लाग्थ्यो त्यति ठूलाठूला intesive surgical equipmentहरु प्रयोग गरेर त्यति धेरै पैसा खर्च गरेर त्यति प्रभावशाली रुपमा औषधीहरु त्यतिकै खर्च गरेर अप्रेसन गरिन्छ । तर, एक-दुई वर्षपछि त्यही रोग लिएर त्यही विरामी फेरी अस्पताल आउँछन्। यो देखेर डा.अर्निसलाई अचम्म र दिक्क पनि लाग्थ्यो।

अप्रेसन गर्‍यो, औषधी खायो । त्यही खानपान, त्यही र हनसहन । कोलेस्ट्रोल बढाउने खानपान, तनावयुक्त रहनसहन । त्यसपछि उनले विभिन्न लाइब्रेरीहरुमा गएर मुटुरोग सम्बन्धि पुस्तक, विभिन्न समयमा विभिन्न व्यक्तिहरुले गरेका अनुसन्धानका प्रतिवेदनहरु को अध्ययन गर्न थाले । अध्ययनको क्रममा उनले देखे कि कसैले मुटु रोगका लागि खानामा रेखदेख गर्नुपर्ने भनेका छन् भने कसैले योग गर्नुपर्छ भने तर संयुक्त रुपमा कसैको रिपोर्ट फेला परेन। त्यसपछि उनले खानपान, योग र परिश्रम, विश्रामलाई संयुक्त रुपमा प्रयोग गरेर अनुसन्धान गर्ने निधो गरे । उहाँले स्वामी सच्चिदानन्दको सम्पर्कमा आएर योग, अध्यात्म दर्शनका कुराहरु अध्ययन गर्न थाल्नुभयो । भारतमा आएर विभिन्न पूर्वीय दर्शनहरु पनि अध्ययनले नपुगेर योग दर्शन र मुटुरोगमा प्रयोग गर्नुपर्‍यो भन्ने विचार गरेर, क्यालिफोर्नियाका मुटुरोग विशेषज्ञहरुसँग मुटुरोगीलाई पठाईदिन अनुरोध गर्नुभयो । तरजवाफमा यस्तो पाउनुभयो- एउटा अप्रेशन गर्नुपर्ने मुटुरोगीलाई के म योगीकहाँ जाऊ भनेर रिफर गरुँ, के यो विज्ञान सम्मत छ ? त्यसपछि डा. डिन भारतमा आए। यही कुरा ब्यवहारिक रुपमा लागू गर्न तर त्यहाँ पनि possitive support नपाएपछि उनी फेरी अमेरिकामै फर्केर आफू एक्लैले मात्र दसजना मुटुरोगी लिएर बिना औषधि उपचार सुरु गरे । चार हप्तामा आशा गरेको भन्दा राम्रो Result आयो। ७९% coronery artery blockage भइसकेको ५९% मा झर्‍यो, रक्तचाप झर्‍यो, heart beat constant भयो। सुन्निरहेको मुटु बस्यो, ठीक साइजमा आयो। यसले उसलाई निकै उत्साहित बनायो र यो कुरा छापामा ल्यायो तर मानिसहरुले पत्याएनन्।

त्यसपछि उनले ४८ जनाको २ ग्रुप बनायो। २४ जनाको एउटा ग्रुपलाई औषधोपचार र अर्को त्यस्तै रोगीलाई योग उपचार गरे, पूरा lab test को रिपोर्टसहित । एक महिनापछि दुवै समूहको Lab test, ECG आदि सबै गर्दा औषधि खानेको स्थिति जस्ताको त्यस्तै थियो केही परिवर्तन भएको थिएन, उसैको अझ अवस्था खराब हुँदै गएको थियो । तर योग गर्नेहरुको ९१% सम्म Improve भएको थियो । यो Report भव्यताकासाथ अमेरिकन मेडिकल जर्नलमा छपियो । त्यसपछि मेडिकल डाक्टर, कार्डियोलोजिष्टहरुलाई पनि विश्वास भयो । त्यसपछि उनले विभिन्न ठूलाठूला समूह बनाएर धेरै पटक अध्ययन गरे । हरेक पटक ९०-९५% सम्म सफल थियो । यही उपाय अनुसार हाल उहाँले आठवटा ठूलाठूला अस्पतालहरुमा मुटुरोगीको उपचार गराइरहनु भएको छ र सफल पनि भईरहेको छ । उहाँले कस्तो प्रकारको रोगीको उपचार गरेका रहेछन् भन्दा, आफ्नो दाह्री काट्दामात्र असह्य रुपमा छाती दुख्ने, आफै नुहाउ नसक्ने, ५ मिनेट हिड्न नसक्ने, बाटोक्रस गर्दा पनि छाती दुखेर थचक्क बस्नुपर्ने, भर्‍याङ चढ्न नसक्ने, वर्षौंदेखि आफ्नो अफिसमा जान नसकि विदा लिईबसिरहेकाहरु डा. डिन अर्निसको शिविरमा ३ महिना बसेपछि सामान्य रुपमा अफिस गएर काम गर्न सकेको, ५ मिनेट हिड्न नसक्ने एक घण्टा आनन्दसँग हिड्न सकेको । दाह्री खौरन नसक्नेले सामान्य सबै काम गर्नसक्ने भए ।

यहाँ योग भन्नाले अष्टाङ योग हो। अष्टाङ योगमा आठवटा अङ्गहरु छन्:( यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, ध्यान, धारणा र समाधि। डा. अर्निसले योगको यो आठवटा अङ्ग सबैलाई लिएको छैन । यिनीहरुमध्ये यम, नियमका केही नियमहरु, आसन, प्राणायाम र ध्यानमा केन्द्रित भएको छ । यम,नियम भन्नाले सत्य, अहिंसा, ब्रम्हचार्य, अस्तेय, अपरिग्रह, तप, स्वास्थ्याय, शौच, सन्तोष र ईश्वर प्रणिधान । यिनीहरुमध्ये शौच, सन्तोष, ईश्वर प्रणिधानलाई मुख्यरुपमा लिएका छन्। अब जीवन परिवर्तन गर्ने तरिकाका बारेमा कुरा गरौं। जीवन परिवर्तन तरिकामा जम्मा ५ वटा मुख्य कुराहरु छन् :–

१) भोजन सुधार र आहारा : ( डा.डिनले यसलाई Reversal Diet भनेका छन् । भोजन सुधार भन्नाले धेरैजसोलाई थाहै छ माछा, मासु रहित शाकाहारी खानपान, त्यसमा पछि सागपतमा रेशायुक्त, बोक्रासहित गेडागुडी, अन्नहरु, बोक्रासहित फलफूलहरु आउँछन्। उहिले सन्तुलित खानाको रुपमा कार्बोहाइड्रेट, प्रोटिन, भिटामिनलाई लिइन्थ्यो भने अब ५०% रफेज पनि आवश्यक छ भन्न थालेको छ । यो प्राकृतिक चिकित्साको सिद्धान्त हो कि हाम्रो भोजन रेसायुक्त हुनुपर्छ । यसै रेसायुक्त खस्रो भोजनलाई डा. डिनले iberous food लाई नै Reversal food भनेका छन् । अङकुरित अनाज, नुन, चिनी र चिल्लो कम भएको खाना अर्थात् सादा शाकाहारी खाना मुटुरोगको औषधि बराबर हुन्छ । २) व्यवहारमा सुधार :- आहार सुधारपछि व्यवहार, आचार र विचारमा सुधार ल्याउने Altruism, compassion and forgive—ness परोपकार, करुणा र क्षमा।

डा. डिनका अनुसार परोपकार, दया र क्षमा आफू स्वस्थ र शक्तिशाली बन्ने महत्वपूर्ण साधन हो।

क) एक-अर्कामा सहयोगको भाव, सद्भाव राखेर, (ख) एक अर्कामा प्रेमभाव, करुणा भाव राखेर

ग) आफ्ना साथीभाई, नाताकुटुम्बका सानातिना गल्तीहरुमा क्षमाभाव राखेर व्यवहार गर्नाले मानसिक शान्ति मिल्छन् यस्तो शान्तिले स्वस्थत दिन्छ । घ) सद्भावपूर्ण व्यवहारले सामाजिक समूहमा आफू एक्लो भएको अनुभव गर्नु पर्दैन, डराउनु पर्दैन। यसलाई डा. डिनले Horizontal intimacy भनेका छन् । ङ) हामीलाई social support मात्र भएर पुग्दैन माथिको परमात्माको support पनि आवश्यक छ। pray and meditation are too ways of realising vertical intimacy इश्वर प्रणिधन इश्वर प्रति आस्था राखेर आफू तिर फर्कने, आत्मा, चिन्तन, स्वचिन्तन गर्ने परमशक्ति परमेश्वरप्रति आधार मान्ने । इशाबास्य इदम सर्वम, यत्किचित जग त्याजगत त्यनत्क्तन भुजिथा । इच्चा आकांक्षाहरु कम गरेर त्यागको भाव राखेर व्यवहार गर्ने। उदार हृदय भएर व्यवहार र्न, कपटी स्वभावले होइन ।

३) आसन (व्यायाम) :- जसरी शरीरलाई भोज आवश्यक छ, त्यसरी नै व्यायाम पनि आवश्यक छ। व्यायामले शरीरलाई गति दिन्छ र गतिले शक्ति दिन्छ। जसले गर्दा भोजन ठीकसँग Digest हुन्छ । अनावश्यक पदार्थ शरीरबाट फाल्न सक्षम हुन्छ। ९०% मुटु रोगीलाई अयलभतष्उबतष्यल को समस्या भएकै हुन्छ । मुटु रोगमा उत्तम व्यायाम भोगासन हो। डा. अर्निसले मुटुरोगका लागि विभिन्न आसनहरु गराउनु हुन्थ्यो। ती मध्य ताडासन, बज्रासन, अङ्ग व्यायाम, पाद उत्थानासन, हस्त उत्थानासन, पवन मुक्तासन, सल्मासन, भुजंगासन, योगमुद्रा, भद्रासन, सूर्य नमस्कार, आदि छन्। मुटु रोगमा मात्र होइन जुनसुकै रोगमा योगासन प्रभावकारी उपचार हो। योगासन गर्दा blood sugar घट्छ uric acid ठीक, दमको राग आदि सबै ठीक हुन्छ । योगासनले sliff Nerves लचिलो हुन्छ, Muscle मा आवश्यक fat contains घट्छ, आसन गर्दा श्वासप्रश्वास पूरा ध्यान दिई inhle, exhale गरिने हुँदा शरीरका मसिना capillaries, hormone glands समेत सक्रिय भई hormene secretion मा सन्तुलन हुन्छ । जसले गर्दा cholestrol घट्छ, मोटोपन घट्छ, BP घट्छ Heart rhythm ठीक हुन्छ।

४) प्राणायाम Deep Breathing :- श्वास प्रश्वास को लामो सास तान्ने अनि फाल्ने श्वासप्रश्वास प्राणको वाहृय हो । मुटुरोगमा श्वासप्रश्वासको Range २-५% सम्म सामान्य मानिसको भन्दा कम हुन्छ । तर मुटुरोगमा Oxygen भने सामान्य व्यक्तिलाई भन्दा बढी अक्सिजनको आवश्यक हुन्छ । यस्तो अवस्थामा आसन र प्राणायामले श्वासप्रश्वासको रेन्ज र मोसन दुबै बढ्छ । श्वासप्रश्वासको रेन्ज बढेपछि मुटुलाई अक्सिजनको मात्रा पनि पुग्छ। जसरी खलातीले आगो फुक्दा आगो प्रज्वलित भएर शक्तिशाली हुन्छ, त्यसरी नै प्राणायामले हाम्रो शरीरको अग्नी तत्व प्रदिप्त हुन्छ, शरीरमा शक्ति बढ्छ।

सामान्य अवस्थामा समेत हामीले प्राणायामको अभ्यास गर्नुपर्छ । Deep Breathing अर्थात हामीले छातीसम्म मात्र होइन नाभीसम्मको सास फेर्नु पर्छ। सास तान्दा पेट फुलेको र सास फाल्दा पेट सुकेमा मात्र हाम्रो सास फेराइ ठीक हुन्छ।

५) ध्यान :– मनलाई एकाग्र, इच्छा आवश्यकतारहित शान्त बनाउने । जब मन शान्त हुन्छ तब शरीर शान्त हुन्छ, रक्तचाप शान्त हुन्छ, कोलेस्ट्रोल घट्छ, ध्यानले तन, मन सबैलाई सन्तुलित गरी दिन्छ, ध्यानले रक्तचापमा, ज्भबचत दभबत मा कसरी सन्तुलित ल्याउँछ भनेर अहिले Internet ले देखाइ रहेको छ। Computer ले अजबचत बनाएर देखाउँछ । ध्यानभन्दा पहिलेको मानसिक स्थिति र ध्यान गरेपछिको स्थिति डा.डिन अर्नि भन्छन् – Blood Pressure घट्नु, Cholestrol त Medication को side effect हो। त्यसबेलाका ऋषि महर्षिहरुले Blood Pressure घटाउन या कोलेस्ट्रोल घटाउन गरेका होइनन् । ध्यानको मुख्य ध्यय त परम आनन्द परमशान्ति हो, External peace, Iner peace का लागि अभ्यास गर्दा शरीरका विभिन्न खराबी पनि हटेर जान्छ। प्रकाश :- कुनै शब्दमा जस्तो ऊँ मा केन्द्रित गर्ने या कुनै आकार या रुपमा या श्वास प्रश्वास या कुने बिन्दुया ज्योति

तर यिनीहरुमा त्यस्तै ध्यान केन्द्रित गर्न गाह्रो हुन्छ । त्यसैले ध्यान गर्नुभन्दा अगाडि ध्यानका विभिन्न तह हुँदै जानुपर्छ जस्तोयोग निन्द्रा, बिचार, सञ्चालन, होसियारी अर्थात आफ्नो मनमा के आइरहेछ भनेर सजग भएर हेर्ने।

यी सबै कार्य आफूतिर फर्कने अर्थात आफूभित्र पस्ने प्रक्रियाहरु हुन. ।

आयुर्वेदिक उपचार

१)– ५०० ग्राम + पुदिनापत्र ७ पिस + तुल्सिपत्र ७ पिस उक्त सबैबाट १ कप रस निकालेर प्रतिदिन विहान खाली पेटमा पिउनाले हृदयको धमनिहरुमा भएका अवरोध पनि खुल्छ। साथै अम्लपित एवं समस्त उदररोग लाई नाश गर्नका लागि लौकाको रस सेवन नियमित रुपले गर्नु पर्छ।

२) अर्जुन चूर्ण ५-१० ग्राम + १ कप दूध + ३ कप पानी मिलाएर पकाउने।१ कप बाँकी रहेमा छानेर विहान खाली पेटमा सेवन गर्ने । उक्त क्षीरपाकको नियमित सेवन, कमजोर हृदयनलालाई पनि अति लाभ दिन्छ।

हृदयामृत वटी :- १-२ गोली बि.बे. दूध वा मनतातो पानी वा अर्जुन छालको क्वाथसँग खाने।

शारांश :- Conclusion :

मुटुरोग लाग्नबाट बच्न र मुटुरोग लागिसकेपछि रोग निको पार्नु

खस्रो र रेसायुक्त साकाहारी खाना खाने,

सद्भावना पूर्ण सहयोगको भाव राखी, दया र क्षमता भाव राखी शुद्ध आचरण गर्ने।

आसनहरु, प्राणायाम र ध्यान गर्ने। माथि उल्लेखित आयुर्वेदिक औषधि विधिपूर्वक सेवन गर्ने।

यी सबै कुराहरु गर्न पहिलो भूमिका आफ्नै हुन्छ । दोश्रो परिवारको हुन्छ । आफ्नो स्वास्थ्य बनाउन आफै संयमित र नियमित हुनुपर्दछ । यो स्वयम् आत्म मूल्यांकन गरेर हेर्न सकिने कुरा हो।

'सम्पदा संरक्षण – हाम्रो पहिचान'
कीर्तिपुर गाइड एसोशियसन
पर्यटन सूचना केन्द्र
चिथु, कीर्तिपुर फोन ४३३१८१७
इमेल : kirtipurguide098@gmail.com

नयाँ शो रूम खुल्यो
CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं।


युनिक टेलर्स
नयाँबजार, फोन ४३३१०७८

# पक्षघाट सम्बन्धि एक जानकारी



**राजेन्द्र अमात्य**

अनियन्त्रित उच्च रक्तचाप हुने व्यक्तिहरुलाई प्रायः पक्षघात हुन्छ । रक्तचाप बढेपछि मस्तिष्कमा रहेका नसा फुटेर मानिस बेहोस हुनपुग्छ । केहि समयको उपचारपछि मस्तिष्कमा असर परी हातगोडा नचल्ने र बोली पनि बन्द हुने हुन्छ यसैलाई पक्षघाट अथवा प्यारालाइसिस भनिन्छ ।

मानिसको देब्रेपट्टिको मस्तिष्कले बोलीलाई नियन्त्रण गर्छ । यसर्थ बायाँपट्टिको मस्तिष्कमा प्रभाव पर्दा मानिस बोल्न सक्दैन । दायाँ मस्तिष्कले शरीरको बायाँ भागलाई र बायाँ मस्तिष्कले दायाँपट्टिका शरीरका अङ्गलाई चलाउँछ । बायाँ मस्तिष्कम असर हुँदा बोली बन्द हुनुका साथै दायाँतिरका हातगोडा चल्दैनन् ।

रगत पातलो पार्ने औषधि प्रयोग गर्नेहरुको पनि मस्तिष्कमा रक्तस्राव हुन सक्ने चिकित्सकहरु बनाउँछन् । यसर्थ उच्च रक्तचापबाट पीडित व्यक्तिहरुले समय-समयमा रक्तचाप जँचाएर एक्युप्रेसर थेरापी गर्नु बुद्धिमानी हुन्छ । धुम्रपान गर्ने र रगतमा ज्यादा कोलेस्टेरोल हुनेहरुको मस्तिष्कम रक्त नलीहरुभित्र रगत जमेर पनि पक्षघाट हुन्छ ।

मुटु रोग लागेका विरामीको मुटुको बायाँ कक्षहरुमा रगत जमेर पछि अचानक मस्तिष्कमा पुगेर पक्षघाट हुन सक्ने चिकित्सक बताउँछन् । पक्षघाटका अन्य धेरै कारणहरु छन् तर यहाँ उल्लेख गरिएका कारणहरु मुख्य मान्न सकिन्छ । पक्षघाट भएका बिरामीहरुलाई खाना निल्न गाह्रो हुन सक्छ र कहिलेकाही खाएको खाना फोक्सोभित्र पसेर निमोनिया हुनसक्छ । पक्षघाट भएका बिरामीहरुले अरुको तुलनामा धेरै खाना खान सक्छ । खानेकुरा धेरै खाएर शरीरको वजन बढेमा झन समस्या उत्पन्न हुन्छ । दिसा-पिसाब गर्न पनि गाह्रो हुन्छ । यस्ता व्यक्तिले प्रशस्त पानी पिउनु पर्छ । एकैचोटी धेरै खाना नखाई पटक-पटक गरी खानु पर्छ । पक्षघाट भएका विरामी धेरै समयसम्म ओछ्यानमा सुतिरहनु पर्ने भएकोले शरीरमा घाउ हुने सम्भावना हुन्छ । गोडाका रगतका नलीभित्र रगत जमेर फोक्सोमा पुग्दा ज्यानलाई नै खतरा हुन सक्ने चिकित्सक बताउँछन् । पक्षघाटमा उपरोक्त समस्याहरु हुने भएकाले यस रोगबाट पीडित व्यक्तिहरुको सुरुको उपचार अस्पतालमा नै गर्नु उचित हुन्छ । केहि समयपछि स्वास्थ्यमा क्रमश सुधार आउन थाल्छ । यो रोगमा चिकित्सकको सल्लाह लिएर विभिन्न थरिका औषधि सेवन गर्नुपर्ने हुन्छ । चिकित्सकको उपचारपछि बाँकी उपचार व्यायाम र एक्युप्रेसर थेरापी हो । एक्युप्रेसर थेरापी भनेको रक्तसंचार गराउने वैज्ञानिक उपकरण हो । मानिसको रगतले ९० सेकेण्डभित्र १ लाख ५० हजार कि.मि. लामो रक्त नलीहरुको बाटो पार गर्नु पर्दछ । अतः रगत सफा हुनु पहिलो सर्त हो । एक्युप्रेसर थेरापीको प्रयोगले उल्लेखित कुरा पुरा हन्छ ।

पक्षघाट भएका विरामीले एक्युप्रेसर थेरापी संगसंगै कर्डिसेप्स, च्यूएवल, चितोसन तथा स्पाइरुलीना सप्लीमेन्ट सेवन गरेमा शरीरको भारी तथा दुखाई कम हुँदै जान्छ र राम्ररी हिंडडुल गर्न सकिन्छ । हातगोडा राम्ररी चल्न धेरै समय लाग्ने भएकोले धैर्यधारण गर्नु पर्ने हुन्छ । केहि प्रतिशत विरामीहरुको हातगोडा आजीवन कमजोर भइरहने सम्भावना हुन्छ । यस्तो अवस्थामा आउन नदिन अस्पतालको उपचार पछि समयमै एक्युप्रेसर थेरापी गराउनु पर्छ ।

---

# हार्दिक समवेदना

जन्मः
वि.सं.
१९८८/८/१५



निधनः
वि.सं.
२०७१ /०६/१

**स्व. द्वारिका महर्जन**

मङ्गल उच्च मा.वि.को भवन बनाउन जग्गा उपलब्ध गराई सहयोग गर्नु हुने शिक्षाप्रेमी एवं समाजसेवी **द्वारिका महर्जन**को २०७१ असोज १ गते ८३ वर्षको उमेरमा असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अध्यक्ष**

**मङ्गल उच्च मा.वि. परिवार**

**मङ्गल बहुमुखी क्याम्पस परिवार**

नयाँबजार कीर्तिपुर-३

---

# हार्दिक समवेदना

जन्मः
वि.सं.
१९८८/८/१५



निधनः
वि.सं.
२०७१ /०६/१

**स्व. द्वारिका महर्जन**

मङ्गल उच्च मा.वि.को भवन बनाउन जग्गा उपलब्ध गराई सहयोग गर्नु हुने तत्कालिन चिठुविहार गा.वि.स.का पूर्व प्रधानपञ्च एवं समाजसेवी **द्वारिका महर्जन**को २०७१ असोज १ गते ८३ वर्षको उमेरमा असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**मङ्गल एल्मुनाइ एशोसियसन परिवार**

मङ्गल उच्च मा.वि.

नयाँबजार कीर्तिपुर

---

# हार्दिक समवेदना

जन्म
१९९०/०१/१५



निधन
२०७१/०५/३०

**स्व. दुर्गालक्ष्मी श्रेष्ठ**

यस समितिका सदस्य एवं कीर्तिपुर माध्यकि विद्यालयका प्रधानाध्यापक श्री जनार्दन श्रेष्ठका पुज्यनीय माता **दुर्गालक्ष्मी श्रेष्ठ**को २०७१ भाद्र ३० गते सोमबारका दिन ८२ वर्षको उमेरमा असामयिक निधन भएकोमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**कीर्तिपुर नगरस्तरीय सामुदायिक विद्यालय समिति**

कीर्तिपुर

## मङ्गल उच्च मा.वि.द्वारा श्रद्धाञ्जली सभा

गत असोज १ गते बुधवार आफ्नै निवास कीर्तिपुर नयाँबजारमा स्वर्गवास हुनु भएका कीर्तिपुरका समाजसेवी द्वारिका महर्जनको स्मृतिमा गत असोज ४ गते शनिवार कीर्तिपुर नयाँबजारस्थित मङ्गल उच्च मा.वि.ले कीर्तिपुरका ऐतिहासिक पुरुष एवं समाजसेवी द्वारिका महर्जनको स्वर्गारोहणप्रति शोक व्यक्त गर्न र उहाँले गर्नु भएका राम्रा कामहरुको सम्झना गर्न श्रद्धाञ्जलीसभाको आयोजना गरिएको थियो। उच्च मा.वि.का कोअर्डिनेटर सिद्धि वहादुर महर्जनले सञ्चालन गर्नु भएको श्रद्धाञ्जली सभामा उपस्थित सयौंजनाले उहाको आत्माको चिरशान्तिको लागि एक मिनेट मौनधारण गरिएको थियो । उहाँको छोराहरुले दिप प्रज्वलन गरी उहाँको तस्वीरमा माल्यार्पण गरेपछि सबैले फूलको गुच्छा अर्पण गरी उहाँमाथि श्रद्धाञ्जली अर्पण गरिएको थियो। शब्द श्रद्धाञ्जली दिनेक्रममा उहाँका समकालीन टिकाराम महर्जनले द्वारिका महर्जन २०२० सालदेखि २०३८ सालसम्म लगातार तत्कालिन चिठू विहार गाउँ पञ्चायतको प्रधान भई कीर्तिपुरको सेवा गर्नु भएको बताउनु भयो। २०१८ सालमा पञ्चायत व्यवस्था लागु भएपछि चिठुविहारको पहिलो प्रधान पञ्च टिकाराम महर्जन हुनुहुन्थ्यो भने २०२० सालदेखि निर्वाचन शुरु भएको थियो। त्रि.वि.को जागिर छाडेर द्वारिका महर्जनले प्रधानपञ्चको चुनाव लडी जित्नु भएको बताउनु भयो।

मङ्गल उच्च मा.वि.का प्राचार्य प्रदिप महर्जनले मङ्गल स्कुलले आज यत्रो भौतिक संरचना बनाउन सफल भएको द्वारिका महर्जनको पालामा २४ रोपनी जग्गा प्रदान गर्नु भएकोले हो भन्नुभयो। अर्का वक्ता मङ्गल प्रा.वि. छँदाका प्रधानाध्यापक राम भक्त महर्जनले कुतुझोलमा संचालित मङ्गल प्रा.वि.लाई चिलंचोमा संचालन गरीरहेको बेला मङ्गल स्कुलको भवन बनाउन नयाँबजारको अहिलेको जग्गा प्राप्त गर्न द्वारिका महर्जनले धेरै संघर्ष गर्नु परेको बताउनु भयो। व्यक्तिको नाममा प्लटिंग गरि सकेको जग्गा पनि मङ्गल स्कुलको भवन बनाउन प्रदान गर्नुभयो। यसले गर्दा धेरैजना उहाँको शत्रु बनेको बताउनु भयो।

२०२५ सालमा स्थापना भएको कीर्तिपुर माध्यमिक विद्यालयको स्थापनामा पनि द्वारिका महर्जनको ठूलो हात रहेको कुरा की.मा.वि.का पूर्व प्रधानाध्यापक नीलकण्ठ अमात्यले बताउनु भयो। द्वारिका महर्जनले १० वर्षसम्म की.मा.वि. व्यवस्थापन समितिको अध्यक्ष रहेर स्कुलको विकासमा ठूलो सहयोग गर्नु भएको जानकारी दिनु भयो।

मङ्गल उ.मा.वि.का व्यवस्थापन समितिका अध्यक्ष प्रा.डा. शिवशरण महर्जनले आफ्नो शब्द श्रद्धाञ्जलीको क्रममा कीर्तिपुरमा पञ्चायतकालमा साहित्य सम्मेलन, साँस्कृतिक कार्यक्रम गर्ने बेलामा प्रहरी हस्तक्षेप विरुद्ध उहाँ जहिले पनि अग्रपंक्तिमा उभिएर निर्वाध रुपमा कार्यक्रम संचालन गर्न दिने स्मरण गर्नुभयो। त्यस्तै पंचायतकालको प्रधानपंच भएतापनि उहाँले जनताको विरुद्ध कुनै कदम नचालेको, उहाँ २०३८ सालमा जिल्ला पंचायत सदस्यमा निर्वाचित भइ गएपछि मात्र अरुले प्रधानपंच बन्ने मौका पाएको बताउनु भयो। अहिलेको नयाँबजारको स्थापना शहर विकासको लागि उहाँको परिकल्पना थियो भन्नुभयो। नयाँबजारको जग्गा वितरण गरेर उहाँले विशेष प्रहरी सहित विभिन्न सरकारी निकायमा धाउनु परेको बताउनु भयो।


# हार्दिक समवेदना

जन्मः वि.सं. १९८८/८/१५



निधनः वि.सं. २०७१ /०६/१

**स्व. द्वारिका महर्जन**

कीर्तिपुर माध्यमिक विद्यालय व्यवस्थापन समितिका भूतपुर्व अध्यक्ष शिक्षाप्रेमी एवं समाजसेवी **द्वारिका महर्जन**को २०७१ असोज १ गते ८३ वर्षको उमेरमा असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवार जनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**कीर्तिपुर माध्यमिक विद्यालय**

बाहिरी गाउँ, कीर्तिपुर -१७

२०७१ सालको शुभ विजया दशमी तथा शुभदिपावलीको पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति सुस्वास्थ्य दिर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**हिमालयन बैंक लिमिटेड**

परिवार

**श्री पशुपतिनाथको दर्शन गर्न पाल्नुहुने दर्शनार्थी, तीर्थयात्री एवं श्रद्धालु भक्तजनहरमा पशुपनि क्षेत्र विकास कोषको अनुरोध**

—यस क्षेत्रको वातावारण संरक्षण गर्न प्लाष्टिकका झोला प्रयोग नगरौं।
—जथाभावी फोहर नपाली यस क्षेत्रको वातावारण सफा राख्न सरसफाई कार्यमा खटिएका कर्मचारीहरुलाई सहयोग गरौं।
—मन्दिर परिषरभित्र जुत्ता, चप्पल तथा पेटी लगाएतका छालाका सामानहरु पूर्णत निषेध गरिकाले त्यस्ता सामग्रीहरु मन्दिर परिषरभित्र निषेध गर्न सबैले सहयोग गरौं।
— आफ्नो इच्छा बम्बोजिमको दान/चन्दा पशुपाति क्षेत्र विकास कोषद्वारा राखिएको आधिकारीक ठाउँमा कोषको सहयोग रसिद काटेर मात्र नगद वा जिन्सी दान गरौं।

श्री पशुपतिनाथ सबै हिन्दूहरुका साझा आराध्यदेव भएकाले यसको संरक्षण, सम्वर्द्धन र यस क्षेत्रको समग्र विकासका लागि खुल्ला हृदयले सहयोग र सुझावका लागि समेत पशुपति क्षेत्र विकास कोष सबैलाई अनुरोध गर्दछ।

**सदस्य—सचिव**

पशुपति क्षेत्र विकास कोष

सञ्चालक परिषद्, देवउद्यान, गौशाला

फोन नं. ४४७१८२८, ४४७०५७४, फ्याक्स नं. ४४७२९६२

के तपाई शेयर बजारमा लगानी गर्ने सोचमा हुनु हुन्छ।
वा तालिमको खोजीमा हुनु हुन्छ।
लगानी ब्यबस्थापनमा गर्न सकिरहनु भएको छैन।
अब सोचाइ लागी तालिम र लगानी ब्यबस्थापनको लागि हामीलाई सम्झिनु होस।

KISI INVESTMENT PVT. LTD.

कीसि इन्भेष्टमेन्ट प्रा.लि.
कीतिपुर नयाँबजार
सम्पर्क नं. ९८५११७०३८० वा ९८४१४६२५६९

Email:kisnamaharjan@gmail.com



# कीर्तिपुरका ऐतिहासिक पुरुष द्वारिका महर्जन रहनु भएन



यस धरतीमा मानिस जन्मेपछि एकदिन मर्नै पर्छ । अर्थात जन्मनु नै मर्नका लागि हो भन्ने बुझ्नु पर्छ । मानिस जन्मँदाखेरि नाँगै जन्मिन्छ । मर्ने बेलामा पनि नाँगै जानु पर्छ । भन्नुको अर्थ बांचुन्जेल जतिसुकै घरखेत, गरगहना, सम्पति कमाए तापनि मर्ने बेला साथमा केही लिएर जान पाईंदैन । सँगै लिएर जाने भनेको आफूले गरेको कर्मको फल । राम्रो काम गरे धेरैजनाले सम्झिन्छ, पछिसम्म सम्झिरहन्छ । नराम्रो काम गर्नेलाई पनि सम्झिन्छ । तर सम्झिने तरिका फरक हुन्छ । राम्रो काम गर्नेलाई श्रद्धाभावले सम्झिन्छ भने नराम्रो काम गर्नेलाई घृणाले सम्झिन्छ ।

कीर्तिपुरको तःननि टोलमा बुबा देउसिं महर्जन र आमा कांछी महर्जनको जेठो छोराको रुपमा वि.सं. १९८८ सालमा जन्मनु भएका द्वारिका महर्जनले गत असोज १ गते बुधवार बेलुका ९.३० बजे कीर्तिपुर नयाँबजारस्थित आफ्नै निवासमा यस धरतीबाट बिदा लिनु भयो । उहाँको श्रीमतीको निधन भएको दुईवर्षे (निदँ) तिथिको श्राद्ध गरेको एक हप्तामा नै उहाँले पनि विदा लिएर जानु भयो । अहिले उहाँको एक छोरी, दुईजना छोराहरु रहेका छन ।

त्रि.वि. आन्दोलनको क्रममा नेवाः स्वायत्त राज्य मंका परिषद कीर्तिपुरको तर्फबाट उहाँसँग केही कुरा बुझ्न जाँदा उहाँले त्रि.वि.को इतिहास बारे बताउनु भयो, "कीर्तिपुरको जग्गा त्रि.बि.ले लिंदा कीर्तिपुरको एक रोपनी जग्गा बराबर हलचोकमा भए तीन रोपनी, चितवन या मकवानपुरको जग्गा लिने भए एक रोपनी बराबर तीन बिघा जग्गा दिने र जङ्गल फडानी गर्न विघाको १०० रुपैया पैसा पनि दिने भनेको थियो । त्रि.वि. बनाउन भवन निर्माण गर्दा र प्रशासनिक काममा पनि योग्यताको आधारमा कीर्तिपुरवासीलाई पहिलो प्राथमिकता दिने भनेको थियो । तर कीर्तिपुरका मानिसहरु त्रि.वि.लाई जग्गा नदिने पक्षमा लागे । सरकारले भनेपछि लिइ हाल्छ बरु दिन्छु भनेको कुरा लिखित रुपमा लिनु पर्छ भन्दा मैले कुटाई समेत खाएको छु ।"

उहाँको भनाई अनुसार सोझा सिधा कीर्तिपुरवासीको सोझोपनको फाइदा एक दुई जना चलाख मानिसहरुले व्यक्तिगत फाईदा लिन सफल भए । सरकारी ठूला पद ओगट्न पनि सफल भएको बताउनु भयो । यदि त्यतिबेला सम्झौता पत्रमा हस्ताक्षर भएको भए कीर्तिपुरवासीले रोजगारको लागि अहिले यस्तो आन्दोलन गरिरहनै पर्दैनथ्यो । त्रि.वि.ले पटक पटक गरी कीर्तिपुरको जग्गा लिन थालेपछि कीर्तिपुरको पूर्वीभागको डाँडा पनि लिन्छ कि भन्ने आफूलाई लागेपछि ती खाली डाँडा कीर्तिपुरवासीलाई घडेरीको रुपमा वितरण गर्ने सोचले र कीर्तिपुरको विकासको लागि ठूलो टेवा पुग्ने देखेर जग्गा वितरण गरेको बताउनु भयो । ती जग्गा वितरण गर्दा धेरै पटक विशेष प्रहरी, अंचलाधीश कार्यालयमा धाउनु परेको बताउनु भएको थियो ।

२०४६/०४७ सालको जनआन्दोलन पछि उहाँ नेकपा एमालेको समर्थनमा उभिनु भयो । २०५४ सालको कीर्तिपुर नगर पालिकाको पहिलो निर्वाचनमा उहाँकै सहयोगमा वडा नं.३ मा पुरै प्यानल अर्थात् पाँचै जना एमालेका उम्मेदवारहरु जितेका थिए । त्यसपछि २०६२/०६३ को आन्दोलनपछि माओवादी राजनीतिमा आएपछि एकचोटि उसलाई पनि मौका दिनुपर्छ भनेर माओवादी समर्थनमा लाग्नु भयो । तर कुनै पनि पार्टीको सदस्यता भने लिनु भएन । माओवादीले उठाएको पहिचानसहितको संघीयताको उहाँ कट्टर समर्थक हुनुहुन्थ्यो ।

नेवाः स्वायत्त राज्य मंकाः परिषद, किपू गठनपछि उहाँसँग सम्पर्क राखी बैठकमा बोलाउँदा उहाँ सहर्ष आउनु भयो । परिषदको सल्लाहकार बन्न राजी हुनुभयो । यदि देश संघीयतामा जाने भएपछि हाम्रो ठाउँमा हामीले नै शासन गर्न पाउनु पर्छ । अनिमात्र हाम्रो र हाम्रो ठाउँको विकास गर्न सकिन्छ भन्ने उहाँको धारणा रहेको छ ।

उहाँले पञ्चायतकालको सम्झना गर्नु हुँदै त्यतिबेला कुन कम्यूनिस्ट नेता कहाँ भूमिगत छ भनेर सबै थाहा पाउँदा पाउँदै पनि सरकारी मुखबिर कहिल्यै नबनेको बरु हाम्रो गाउँमा त्यस्तो कुनै गतिविधि छैन भनेर प्रहरीलाई प्रवेशमा रोक लगाएको बताउनु भएको थियो । नयाँबजार गठन पछि खानेपानी समस्या समाधान गर्न आफूले ठूलो संघर्ष गर्नु परेतापनि कीर्तिपुरवासीको सहयोगले सफलता पाएको तर अहिले त्यस्तो सहयोगको भावना कम हुँदै गएकोम चिन्ता व्यक्त गर्नु भएको थियो ।

२०२५ सालमा कीर्तिपुर माध्यमिक विद्यालय गठन पछि विद्यालय भवन निर्माण गर्न तत्कालिन कीर्तिपुरका चारैजना प्रधान पञ्च मिलेर भवन बनाएको र मङ्गल बिद्यालयको जग्गा दिंदा आफूले धेरै विरोधको सामना गर्नु परेको बताउनु भएको थियो ।

२०७० सालको दोस्रो संविधानसभाको निर्वाचन ताका उहाँले कुनै पनि पार्टीको खुलेर समर्थन गर्नु भएन न त विरोध नै गर्नु भयो । उहाँ भन्नुहुन्थ्यो, अबका मानिसहरु सबै जान्नेबुझ्ने भइसकेका छन् । कुन पार्टी के हो सबैलाई थाहा भएकै कुरा हो । तर थाहा भएर पनि हामीले के गर्न सक्छौं । त्यसैले आफूलाई जुन मन पर्छ त्यसैलाई भोट दिने भन्न थाल्नु भएको थियो । उमेरको कारणले हो वा आफूमा कुनै आकांक्षा नभएकोले हो, उहाँमा निराशाको भाव पलाएको थियो ।

## बिचाः हायेका

जन्म वि.स.. १९८८/०८/१५



मदुगु: वि.सं. २०७१/०६/०१

**मुदम्ह द्वारिका महर्जन**

नेवाः स्वायत्त राज्य मंकाः परिषद किपूया सल्लाहकार नापं थःगु भूमि थःम्हं हे शासन याये पावय् जुइमा धइगु बिचाः दुम्ह समाजसेवी **द्वारिका महर्जन** थ्वहे ने.सं. ११३४ ञंलागा नवमी (२०७१/०६/०१ गते) ८३ दँया बैंसय् आकाभ्काकां मदुगुलिं वयकःया चिरशान्तिया कामना यासें सकल छेँजःपिन्सं मन चिइ फय्मा धकाः बिचाः हायेका च्वना ।

**नेवाः स्वायत्त राज्य मंका परिषद**

ताँल्वा, किपू

## हार्दिक समवेदना

जन्म १९९०/०१/१५



निधन २०७१/०५/३०

**स्व. दुर्गालक्ष्मी श्रेष्ठ**

कीर्तिर मा.वि.का प्रधानाध्यापक श्री जनार्दन श्रेष्ठका पुज्यनीय माता **दुर्गालक्ष्मी श्रेष्ठ**को २०७१ भाद्र ३० गते सोमबारका दिन ८२ वर्षको उमेरमा असामयिक निधन भएकोमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**कीर्तिपुर माध्यमिक विद्यालय**

बाहिरीगांव, कीर्तिपुर-१७

२०७१ सालको शुभ विजया दशमी तथा शुभदिपावलीको पावन अवसरमा हाम्रा समस्त ग्रहाक महानुभावहरु एवं नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति सुस्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Nepal Telecom

**नेपाल टेलिकम लि. परिवार**

तपाईको कविता, लेख , सूचना तथा विज्ञापन प्रकाशित गर्नका लागि सम्पर्क गर्नुहोला कीर्तिपुर सन्देश साप्ताहिक पत्रिकामा

कीर्तिपुर सन्देश

कार्यालयः
**निखासी टोलः कीर्तिपुर नपा-३**
**फोन नं.: ४३३३००७, ९८४१४०१०७७**
**kirtipur_sandesh@live.com**
http:kirtipursandesh.blogspot.com

## निमन्त्रणा ! निमन्त्रणा !! निमन्त्रणा !!!

माता श्री विष्णुदेवीको मन्दिर हामी सम्पूर्ण भक्तजनहरुको सहयोगमा पुनः निर्माण कार्य सम्पन्न भएकोले हवन सहितको पुजा गरी देवदेवीहरुको प्रतिष्थापनका साथ पुनः निर्मित मन्दिर उद्घाटन हुने भएकोले समस्त महानुभावहरुमा सहभागिताको लागि सादर आमन्त्रण गर्दछौं ।

मितिः २०७१/६/१० गते शुक्रवार
स्थान : भाजंगाल, की.न.पा.-१८
समयः विहान ८:०० बजे

**श्री विष्णुदेवी मन्दिर पुनः निर्माण समिति**

**दशैं स्पेशल अफर**

35 Amp ब्याट्रि 4800
इन्भरटर प्रयोग दुई बर्ष, सोलार प्रयोग तीन बर्ष
साथै अन्य रेन्जका व्याट्रिहरु पनि उपलब्ध छन् ।

साथै सोलार प्याकेज 20wt , 40wt, 80wt हरु पनि विशेष छुटमा धमाधम बुकिङ भइरहेको छ ।

विस्तृत जानकारीको लागि
बाघभैरव इलेक्ट्रिक हाउस, कीर्तिपुर
पाँगा दोवाटो, कीर्तिपुर सपिङ कम्पलेक्स
9851178574/9803822153

## हार्दिक समवेदना

जन्मः वि.सं. १९८८/८/१५



निधनः वि.सं. २०७१ /०६/१

**स्व. द्वारिका महर्जन**

यस कृषक हित सहकारी संस्था लिमिटेडका संस्थापक समाजसेवी **द्वारिका महर्जन**को २०७१ असोज १ गते ८३ वर्षको उमेरमा असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**कृषक हित सहकारी संस्था लि.**

नयाँबजारँ, कीर्तिपुर -१७




**प्रत्येक विद्यालयमा कक्षा ५ देखि ७ अध्ययन गरिरहेका विद्यार्थीहरुको लागि खोलिएको यो आर्ट क्यामप हो**

# हार्दिक श्रद्धाञ्जली





जन्मः
वि.सं. १९८८/८/१५



निधनः
वि.सं. २०७१ /०६/१

**स्व. द्वारिका महर्जन**

हाम्रा प्रातः स्मरणीय पुज्यनीय पिता **द्वारिका महर्जन**को २०७१ असोज १ गते ८३ वर्षको उमेरमा असामयिक निधन भएकोले उहाँको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस शोकको घडिमा समवेदना प्रकट गर्नुहुने सम्पूर्ण साथीभाइ, संघ/संस्थाहरुप्रति कृतज्ञता ज्ञापन गर्दछौं।

छोरा/बुहारी – राजु महर्जन/ मथुरा महर्जन
नातिनी/ज्वाई – राज्यलक्ष्मी महर्जन/ जनकलाल महर्जन
" " – सजना महर्जन/ ओम रंजित
नातिनीहरु :– रसिला महर्जन, रश्मि महर्जन
पनाती – एरोन

छोरी/ज्वाई – सूर्जमाया महर्जन/ जगतवहादर महर्जन
नाति/बुहारी – सबिन्द्र महर्जन/ विद्या श्रेष्ठ
" " – सचिन्द्र महर्जन / रिहा श्रेष्ठ
नातिनी/ज्वाई – सरिता महर्जन / दिनेश नकर्मि
" " – सविना महर्जन/ नविन महर्जन
नातिनी :– सचिना महर्जन
पनातीहरु : – दिपशन, श्रीनीश, रक्षा, सुप्रज, काब्या, सम्रात

तथा

समस्त महर्जन परिवार

**साहित्य कविता**

# अन्तिम मौका नगुमाउनु होला



**कवि राम महर्जन**
**नगाउँ, की.न.पा. १६**

निल गगन आकाश हाम्रो
जाज्वल्यमान प्रकाश राम्रो
शक्ति सम्पन्न सूर्य देव
दैवकै वरदान बुझौं हामी ।

चेतनशील प्राणी मानव हामी
लोभ मोह स्वार्थमा नामी
हिमाल पहाड तराईबासी सबै
हाम्रा आफ्ना दाजुभाई मानौं

देश बनाउने सभासद सबै
घरमा खाना पनि खाँदै नखइ
रातो दिन बैठक बस्दै
नयाँ संविधान बनाउँदै होला

देश सुहाउँदो संविधान बनाउने
ज्ञान बुद्धि बरकत लगाई
युद्धस्तरमा छलफल गर्दै
लेख्दै होला जनवादी संविधान

माघे संक्रान्ति समय अगावै
नयाँ संविधानको दफा दफामा
वल्टाइ पल्टाइ अध्ययन गरी
दुरदर्शि बिचार गर्दै होला

भागबन्दाका हकदारहरु
जनता हसाउने संविधान बनाइ
तोकिएकै समयमा घोषणा
गरीअन्तिम मौका नगुमाउनु
होला

# पानीको समस्या र न्युनिकरण

यस कीर्तिपुर नगरको दक्षिण भेगमा पर्ने दुध पोखरीको नाम नसुन्ने सायदै कम होला । यस स्थलमा राणाकाल मै निर्मित खानेपानी मुहानको व्यवस्थामा हालसम्म आएर पनि यथास्थिति मै रहेको हामी जो कोहीलाई थाहा भएकै हो । हालसम्म सम्वन्धित निकाय लगायत कसैले पनि यस क्षेत्रलाई उपेक्षा गरेको देखिन्छ । हाम्रो आफ्नै यति राम्रो पानीको मुहान भैकन पनि फेरी राम्रो व्यवस्थपन तथा विस्तार नहुनु आफैमा विडम्बनाको विषय भएको छ । त्यसकारण यस भेगका सारा जनताले नै केहि गर्नु पर्ने भएकोले यस विषयलाई छलफलमा ल्याई बहस गर्नु पर्ने देखिन्छ ।

उक्त खानेपानीको लागि हामीले धेरै ठूलो आयोजनाको परिकल्पना गर्नुपर्ने देखिन्न । यसको निरन्तरता र विस्तारको लागि हामीले मूख्य विषयहरुमा ध्यान दिन सके मात्र पनि पुग्ने देखिन्छ ।

मुहानको माथि जंगल भएकोले यस स्थानमा स-साना पोखरीहरु निर्माण गरि बर्षको पानी रिचार्ज गर्ने । यसरी बर्षाको बेलामा प्रसस्त मात्रामा रिचार्ज गर्दा हिउँद महिनासम्म पनि जमिन ओसिलो भई प्रसस्त मात्राम पानी भण्डारण भई उत्पादन तथा बहाव बढ्छ ।

जंगलमा दुबोको घाँस प्रसस्त मात्रामा रोप्ने जस्ले गर्दा जमिनमा चिस्यान बढाउनुका साथै पानीको भण्डारण क्षमता बढाउँछ ।

मुहानको पूर्व-दक्षिणमा रहेको हाल चालुमा नरहेको मंगालको ठाउँमा सादा ईटा अथवा सादा ढुङ्गाको ठूलो पोखरी निर्माण गर्ने । यसरी पोखरी बनाउँदा उक्त पोखरीमा जमिनभित्रबाट निस्कने पानी उक्त पोखरीमा जम्मा हुने र वर्षाको बेला Rain water harvesting System बाट जम्मा भएको पानी वितरण प्रणालीमा ल्याई वितरण गर्ने ।

मुहान क्षेत्रको चारैतिर कुनै पनि नयाँ संरचनाहरु निर्माण गर्न नदिने र उक्त क्षेत्रलाई सिमसार क्षेत्र घोषणा गरी त्यस क्षेत्रको घर जग्गा खरिद बिक्रिमा रोक लगाई संस्थान आफैले चलन चल्तीको भाउमा खरिद गर्नु पर्ने देखिन्छ ।

यी सबै बुँदाहरुलाई मनन् तथा अध्ययन गरी छिटो भन्दा छिटो लागु गर्न सकेमात्र हामीलाई पानीको हा-हाकारबाट छुट्कारा मिल्ने छ ।

**जनकलाल महर्जन**
सहिद पथ

**यस पत्रिकामा विगत २८ हप्तादेखि धारावाहीक रुपमा प्रकाशित भइरहेको उपन्याकार नजरराम महर्जनको भावना उपन्यास नेपाली भाषामा अनुवाद भई प्रकाशित हुन लागेको छ। तिहारको लगतै बजारमा आउनदैछ ।**




**नेपालभाषाको उपन्यास अव नेपाली भाषामा**

# बिचाः हायेका



जन्म वि.स..
१९८८/०८/१५

मदुगुः वि.सं.
२०७१/०६/०१

**मुदम्ह द्वारिका महर्जन**

थुगु भ्याःगुथिया थकालि आजु समाजसेवी **द्वारिका महर्जन** थ्वहे ने.सं. ११३४ जंलागा नवमी ( २०७१/०६/०१ गते) ८३ दँया बैंसय् आकाभ्काकां मदुगुलिं मदुम्हेसिया आत्माया चिरशान्ति जुया सुखावति भुवनय् बास लायेमा धकाः कामना यानाच्वना । नापं थुगु दुःखया इलय् सकल छेंजःपिन्सं मन चिइ फयेमा धकाः बिचाः हायेका च्वना ।

**भ्याःगुथि परिवार**

तःननी, किपू -३

# ऱ्यालीमा सहभागी समवन्धमा

२०७१ असोज १५ गते तदनुसार १ अक्टोबर २०१४ मा २४ औं अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसको उपलक्ष्यमा हुन गइरहेको वृहत्त ऱ्यालीमा सहभागी हुन हार्दिक अनुरोध गर्दछौं ।

## कार्यक्रम

२०७१ असोज १५ गते (१ अक्टोबर २०१४)
समयः विहान ७ बजे
स्थनः नगरमण्डप श्री कीर्तिविहार अमल्सी

## आयोजक

**बृद्ध सेवा समाज, कीर्तिपुर**
**नेपाल मानवअधिकार संगठन, कीर्तिपुर शाखा**
**नगरमण्डप श्री कीर्ति विहार, कीर्तिपुर**


HUAWEI
honor 3C
Fortune 500 Companies
World's No. 1 Telecommunication Solution Provider
World's 3rd largest Smartphone vendor
Remarkable features & exciting offers are much alike. why wait, just grab them.
Just scratch the 'Win-Win Card' available with the purchase of Honor 3C and get amazing free gifts.
Unlimited Excitement
Shoot exciting Panoramic Selfie with 5MP front camera
Powerful & long-lasting
2300mAh battery with 30% more power than any other smartphones
Crisp, Sharp & Smart
8MP Sony BSI Rear Camera with Blue glass filter and Voice Photograph
Vibrant & Rich
Vivid 5" LTPS HD Screen
Fast and Furious
with 2 GB RAM, 1.3 GHz Quadcore CPU
5 million units sold globally & counting
FREE
QFX
cinemas
for couple
Now available with free Flip Cover & Screen Guard at
Rs. 23,999/-
OFFER VALIDITY:
28th July – 31st Aug 2014
SURE-SHOT GIFTS
HUAWEI ASCEND P6
WORTH RS. 40,000/-
HUAWEI HONOR 3C
WORTH RS. 23,999/-
HUAWEI Y511
WORTH RS. 13,475/-
HUAWEI Y220
WORTH RS. 7,500/-
HUAWEI BLUETOOTH SPEAKER
WORTH RS. 4,000/-
HUAWEI USB DONGLE
WORTH RS. 2,399/-
more info on www.facebook.com/huaweidevicenepal
consumer.huawei.com
AUTHORISED SHOWROOM
MOBILE MARKET N' KLINIC
LOKTANTRIC CHOWK, KIRTIPUR
9801130119
WARRANTY
1 YEAR ON Mobile Phone
6 MONTHS ON Battery
TOLL FREE 16600100002